बारेकोट गाउँपालिकाको

१७ औं गाउँसभा

मिति २०८०/०३/१०

समय दिउसो ११ बजे

यस बारेकोट गाउँपालिकाको १७ औं गाउँसभाको बैठक गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यू को अध्यक्षतामा तपसिल बमोजिमका गाउँसभा सदस्यहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिती

| क.स. | पदाधिकारीको नाम | पद | हस्तक्षर |
|---|---|---|---|
| १) | श्री वीर बहादुर गिरी | अध्यक्ष बारेकोट गाउँपालिका | |
| २) | श्री नर बहादुर गिरी | उपाध्यक्ष बारेकोट गाउँपालिका | |
| ३) | श्री ऐन बहादुर गिरी | सदस्य गाउँसभा | |
| ४) | श्री राममाया पुन | सदस्य गाउँसभा | |
| ५) | श्री कल्दरी कामी | सदस्य गाउँसभा | |
| ६) | श्री लाल बहादुर पुन | सदस्य गाउँसभा | |
| ७) | श्री तील बहादुर थापा | सदस्य गाउँसभा | |
| ८) | श्री वीर बहादुर घर्ती | सदस्य गाउँसभा | |
| ९) | श्री पशुपती पुन | सदस्य गाउँसभा | |
| १०) | श्री सुनरुपी परियार | सदस्य गाउँसभा | |
| ११) | श्री तुला बहादुर कामी | सदस्य गाउँसभा | |
| १२) | श्री मान बहादुर सिंह | सदस्य गाउँसभा | |
| १३) | श्री राम बहादुर सिंह | सदस्य गाउँसभा | |
| १४) | श्री जुना कुमारी सिंह | सदस्य गाउँसभा | |
| १५) | श्री नैनी नेपाली | सदस्य गाउँसभा | |
| १६) | श्री मान बहादुर रोकाय | सदस्य गाउँसभा | |
| १७) | श्री राम बहादुर शाही | सदस्य गाउँसभा | |
| १८) | श्री बिष्णु बहादुर रावत | सदस्य गाउँसभा | |
| १९) | श्री बिष्णु सिंह | सदस्य गाउँसभा | |
| २०) | श्री खुम्मी कामी | सदस्य गाउँसभा | |
| २१) | श्री महेन्द्र बहादुर सिंह | सदस्य गाउँसभा | |
| २२) | श्री गोरख बहादुर थापा | सदस्य गाउँसभा | |

२३) श्री कमला कामी सदस्य गाउँसभा

२४) श्री भीम बहादुर सिंह सदस्य गाउँसभा

२५) श्री मन बहादुर सिंह सदस्य गाउँसभा

२६) श्री डम्बर बहादुर महतारा सदस्य गाउँसभा

२७) श्री प्रेम कुमारी चलाउने सदस्य गाउँसभा

२८) श्री कल्पना नेपाली सदस्य गाउँसभा

२९) श्री मान बहादुर चलाउने सदस्य गाउँसभा

३०) श्री शेर बहादुर चलाउने सदस्य गाउँसभा

३१) श्री बिशाल किरण बस्नेत सदस्य गाउँसभा

३२) श्री कृष्ण कुमारी बानियाँ वली सदस्य गाउँसभा

३३) श्री पशुपती कामी सदस्य गाउँसभा

३४) श्री शेर बहादुर बस्नेत सदस्य गाउँसभा

३५) श्री नर बहादुर बस्नेत सदस्य गाउँसभा

३६) श्री योगेन्द्र बहादुर सिंह सदस्य गाउँसभा

३७) श्री लक्ष्मी शाही सदस्य गाउँसभा

३८) श्री देवी कुमारी कामी सदस्य गाउँसभा

३९) श्री खीम बहादुर बस्नेत सदस्य गाउँसभा

४०) श्री पृथी बहादुर बोहरा सदस्य गाउँसभा

४१) श्री दान बहादुर शाही सदस्य गाउँसभा

४२) श्री पवित्रा शाही सदस्य गाउँसभा

४३) श्री विष्णु वि.क. सदस्य गाउँसभा

४४) श्री दिप बहादुर महतारा सदस्य गाउँसभा

४५) श्री दुद बहादुर नेपाली सदस्य गाउँसभा

४६) श्री दिल बहादुर नेपाली सदस्य गाउँसभा

४७) श्री दिपक नेपाली सदस्य गाउँसभा

४८) श्री मोहन प्रकाश गिरी सदस्य सचिब गाउँसभा

भीम बहादुर सिंह प्रमाणित अधिकृत

वीर बहादुर गिरी
अध्यक्ष

लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| क्र स | नामथर | कार्यालयको नाम | हस्ताक्षर |
|---|---|---|---|
| ४९ | गंगा शाही | उद्यम विकास शाखा | |
| ५० | विष्णुकली रोकाय | लेखा शाखा | |
| ५१ | पार्वती गिरी | महिला विकास शाखा | |
| ५२ | करिश्मा परियार | नागरिक आरोग्य सेवा केन्द्र | |
| ५३ | भिमबहादुर चन्दाठकुरी | पशु सेवा शाखा | |
| ५४ | [illegible] | [illegible] लिम्सा | |
| ५५ | रञ्जना कुमारी सिंह | | |
| ५६ | लिला कुमारी पुन | | |
| ५७ | नवराज बस्नेत | [illegible] | |
| ५८ | कृष्ण बानिया | | |
| ५९ | लोकबहादुर सिंह | बी.पी. मा.वि. लिम्सा | |
| ६० | सूर्यबहादुर सिंह | गोरख आ.वि. [illegible] | |
| ६१ | गोपाल नेपाली | जनकल्याण [illegible] | |
| ६२ | गोरखबहादुर सिंह | सीता मा.वि. ~~[illegible]~~ | |
| ६३ | कर्ण बहादुर बस्नेत | 6नं. वडा प्रशासन | |
| ६४ | धनरुप गिरी | बारेकोट गा.पा. | |
| ६५ | निर्मला थापा | डाँकेयुवा क्लब | |
| ६६ | लोकब. बोहरा | HRDC Jajarkot | |
| ६७ | शैलेश शर्मा | wfp | |
| ६८ | [illegible] | [illegible] | |
| ६९ | अनिल वि.के. | ६ नं. वडा साइट इन्चार्ज | |
| ७० | शेरसिंह खड्का | बारेकोट गा.पा. | |
| ७१ | सेन बहादुर कार्की | कृषि विकास शाखा | |
| ७२ | वासुदेव सिंह | बारेकोट-५ | |

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बीर बहादुर गिरी
अध्यक्ष

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| ७३ | रतन सिंह | बारेकोट ५ | [signature] |
| ७४ | देबेन्द्र शाही | बारेकोट - ३ | [signature] |
| ७५ | हिमाल पुरी | बारेकोट - ०१ | [signature] |
| ७६ | कुर्ण बहादुर सिंह | बारेकोट - ०५ | [signature] |
| ७७ | दिपेन्द्र खड्का | बारेकोट - ०१ | [signature] |
| ७८ | सुरेन्द्र बहकेल | बारेकोट - ०१ | [signature] |
| ७९ | भरत सिंह | बारेकोट - ०१ | [signature] |
| ८० | रमेश घर्ती | बारेकोट ९ | [signature] |
| ८१ | आरुता कुमारी महतारा | बारेकोट ४ | [signature] |
| ८२ | प्रकाश राज गिरी | बारेकोट - ०१ | [signature] |
| ८३ | कृतिका सिंह | | [signature] |
| ८४ | | | |

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

२०८०/०३/१०

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

**प्रस्ताव तथा निर्णयहरु:**

१) आर्थिक बर्ष २०७९।०८० को बार्षिक नीति कार्यक्रम एंव बार्षिक बजेट पेश गर्ने सम्बन्धमा।

निर्णय नं १

प्रस्ताब नं १ मा छलफल गर्दा आर्थिक बर्ष २०८०/८१ को बार्षिक नीति तथा कार्यक्रम अध्यक्ष श्री वीर बहादुर गिरी ज्यू र बार्षिक बजेट तथा कार्यक्रम उपाध्यक्ष श्री नर बहादुर गिरी ज्यूले १७ औं गाउँसभामा तथा ७ औं बजेटसभामा प्रस्तुत गरी आवश्यक छलफल छलफल गर्ने निर्णय गरियो।

तपशिल

१. बार्षिक निती तथा कार्यक्रम

बारेकोट गाउँपालिकाको १७ औं बजेट अधिवेशनमा उपस्थित हुनु भएका गाउँपालिका
उपाध्यक्ष ज्यू,वडा अध्यक्ष ज्यूहरु,गाउँ कार्यपालिका सदस्य ज्यूहरु
गाउँ सभा सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू,
उपस्थित सम्पूर्ण महानुभावहरु।

सर्वप्रथम नेपाली जनताको राजनीतिक स्वतन्त्रता, आर्थिक समृद्धि र सामाजिक न्यायको लागि जीवन उत्सर्ग गर्नहुने बीर शहिदहरु प्रति उच्च सम्मान सहित हार्दिक श्रद्धासुमन व्यक्त गर्दछु। विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन र संर्षमा घाईते अपाङ्ग र वेपत्ता हुनुहुने महान व्यक्तिहरु प्रति उच्च सम्मान छ। आजको नयाँ व्यवस्थामा पुरानो अवस्थाको निरन्तरता भत्काउनु हामी सबैको साझा कर्तव्य हो। यो युगिन कर्तव्य पुरागर्नु नै हामी सबैको उद्देश्य हो। यहि उद्देश्य पुरा गर्नका लागि जनताले हाम्रो पक्षमा जनमत अभिव्यक्त गर्नुभएको छ। यो ऐतिहाँसिक जनमतको सम्मान गर्दै समृद्ध बारेकोट निर्माणमा लाग्नु हामी जनप्रतिनिधिहरुको राजनीतिक तथा सामाजिक उत्तरदायित्व हो। यही मर्म वोधका साथै हामी आज निरन्तरताको १७ औं गाउँसभामा उपस्थित भएका छौं। हाम्रो गाउँसभालाई बारेकोटी जनताले ठूलो आशा उत्साह र भरोसाको साथ हेरिरहेका छन्। यो बेला सिमित स्रोत साधनको अधिकतम प्रयोग र उपयोगबाट असिमित आवश्यकता र इच्छा चाहानाहरुको सम्वोधन गर्ने परिस्थिति हाम्रो अगाडि उभिएको छ। हामीले उपलब्ध स्रोत साधनहरुको जनउपयोगी परिचालनबाट नै बारेकोट समृद्धिको यात्रा आरम्भ गर्नुपर्ने छ। यस्तो बास्तविकतालाई आत्मसाथ गर्दै नीतिगत सुधार, प्रक्रियागत प्रभावकारिता र परिणाममुखी कार्यान्वयनको लागि नीति योजना र कार्यक्रम तर्जुमा हाम्रो अभिभारा हो। यो अभिभारा पुरागर्दै अगाडिबढ्न सक्नुपर्नेछ। गणतन्त्र स्थापना पछिको दोस्रो स्थानीय तहको निर्वाचन पछि बारेकोटी जनतामा समयानुकुल अपेक्षाहरुको बढोत्तरी भएको छ तर त्यस्ता अपेक्षाहरुको सम्वोधन गर्ने स्रोतसाधनको उपलब्धता भने पुरानै छ।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

आवश्यकता बदलिएका छन् ती आवश्यकता पुरा गर्ने सम्भावना पुरानै छ । तथापी क्रमागत रुपमा सुन्दर र परिवर्तनको मार्ग खोल्न प्रयासरत रहनुपर्नेछ । हिजोको अभ्यास, अनुभव आजको लागि शिक्षा हुन सक्छ तर हुवहु त्यसको निरन्तरताबाट मात्रै निर्देशित हुने छुट हामीलाई छैन । तसर्थ विगतको समिक्षा वर्तमानको यथार्तता र भविस्यको सपथ सहित आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम तयार गरिएको छ । नेपालको संबैधानिक व्यवस्था अनुरुप शिक्षा, स्वास्थ्य, रोजगारी, स्वच्छ वातावरण, सूचना, र सामाजिक न्याय जस्ता मौलिक हक एवम् राज्यका निर्देशक सिद्धान्तको आर्थिक उद्देश्यमा उल्लेखित राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र एवम् उन्नतीशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्र निर्माणका लागि स्थानीयस्तरमै सर्वाङ्गीण विकासको आधारशीला तयार गर्न नीति तथा कार्यक्रम निर्माण कार्यले मात्रै हामीले चाहेको परिवर्तन हुन सक्दैन । यसका लागि नीति तथा कार्यक्रममा समावेश विषयवस्तुहरुको प्रभावकारी कार्यान्वयन गर्न यथोचित स्रोत/साधनको सुनिश्चितता गर्नुपर्ने हुन्छ । विगतका नीति तथा कार्यक्रम कार्यान्वयनको अनुभव र उपलब्ध स्रोत/साधनको उचित प्रयोग र परिचालन गर्दै आगामी आर्थिक वर्ष २०८०/०८१ मा विषयक्षेत्रगत सहितको २०४ बुँदाको नीति तथा कार्यक्रम यो गरिमामय सभा समक्ष पेश गर्दछु ।

## १. आर्थिक विकास

### क) कृषि तथा पशुपंक्षी विकास

१. मानव स्वास्थ्य र पशु स्वास्थ्य सुधारका लागि मानव घर र पशु घरलाई अलग गर्ने कार्यक्रमलाईनिरन्तरता दिइने छ ।

२. कृषि व्यवसायमा सहजता र उत्पादनमा अभिवृद्धि गर्नको लागि पकेटक्षेत्र विस्तार कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

३. अत्यावश्यक कृषि उपजमा बारेकोटलाई आत्मनिर्भर बनाउन भौगोलिक अवस्था वाताबरण अनुकुल उत्पादन धान, मकै, गहुँ, जौं, कोदो, जस्ता अन्नबाली, सिमी, बोडी, केराउ, मास, मसुरो, गहत, चना, भट्मास आदि कोशेबाली, आलु, काउली, बन्दा, पिँडालु, फर्सी, काँक्रो, गाजर, लौका, स्कुस, करेला, गोलभेंडा जस्ता तरकारी बाली, अदुवा, लसुन, प्याज, बेसार, अलैंची, धनियाँ, मेथी, खुर्सानी, तेजपात, टिमुर आदिको परम्परागता खेतिको अलाबा अन्य अन्न, फलफुल तथा तरकारी खेतिको संम्भाब्यता अध्ययन गरि माटो सुहाउदो एक वडा एक उत्पादन कार्यक्रम संचालन गर्न बिशेष पहल गरिने छ ।

४. बारेकोटमा ठेकी फल (Kiwi fruit)को राम्रो सम्भावना देखिएकोले व्यावसायिक किवी खेतीका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

५. स्याउ, सुन्तला, केरा, कागती, ओखर, नास्पाती, आरु, आरुबखडा, ठेकी फल (Kiwi fruit), जस्ता फलफुल खेतिका लागि संम्भाब्यता अध्ययन गर्न पहल गरिने छ ।

६. तोरी, चुली, ढुटेलो, जैतुनको उत्पादन र प्रशोधनका लागि कार्यक्रम संचालन गरी तेल उत्पादनमा बारेकोटलाई आत्मनिर्भर बनाउन पहल गरिनेछ ।

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

७. बार्रेकोटलाई तरकारीमा आत्म निर्भर बनाउनका लागि तरकारीको आयात प्रतिस्थापन गरी निर्यात प्रवर्द्धन गर्न कृषकहरुलाई तरकारी खेतिमा आकर्षित गर्न बिशेष अनुदानकार्यक्रमलाई निरन्तरता दिइने छ।

८. पशुपालनबाट किसानहरुको आय आर्जन बृद्धि गर्न भेडा, बाख्रा रभैंसी पालन क्षेत्र निर्धारण गरी बिशेष कार्यक्रम संचालन गर्न संघ र प्रदेश सरकारसँग सहकार्यको लागि पहल गरिने छ।

९. कुखुरा, हाँस, कालिज, अस्ट्रिज, टर्की जस्ता पन्छी ब्यवसायिक पालनको लागि प्रदेश बिशेष अनुदानमा कार्यक्रम संचालन गरिने छ।

१०. मौरीपालन र माछापालनको संम्भाब्यता अध्ययन गरि यहि वर्षबाट माछापालन व्यावसाय सञ्चालन गर्न पहल गरिनेछ।

११. पालिका भित्रका सम्पूर्ण वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरी पशुजन्य महामारी नियन्त्रण तथा पशु उपचारको ब्यबस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. जोनोटिक रोग नियन्त्रण, रेविज रोग नियन्त्रणका लागि निशुल्क खोप लगाउने, सामुदायिक कुकुर बन्ध्याकरण, क्षयरोग सर्भिलेन्स जस्ता कार्यक्रमहरु आवश्यकतामा संचालन गरिने छ।

१३. पशु विमा प्रर्बद्धन कार्यक्रम, पशु नस्ल सुधार कार्यक्रम र पशु पोषण सुधार जस्ता कार्यक्रम संचालनका लागि पहल गरिने छ।

१४. सहज पशु उपचारको लागि एक वडा एक पशुप्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१५. गुणस्तरीय कृषि उत्पादन, उचित प्रशोधन, भण्डारण तथा बजारीकरण, वितरणमा सहजीकरण र नियमन गरी खाद्य तथा पोषण सुरक्षाको लागि सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा कृषिमा आधुनिकीकरण, व्यावसायिकरण, यान्त्रिकीकरण, विविधिकरण एवं विशिष्टीकरण गर्ने र प्राङ्गारिक खेतीलाई प्राथमिकता दिने नीति लिइनेछ।

१६. युवा लक्षित सोरोजगार कार्यक्रमका लागि बाँझो जमिनमा एकिकृत कृषि स्रोत केन्द्र स्थापना गर्न विशेष व्यवस्था गरिनेछ।

१७. सहकारी र स्थानीय समुदायको सहभागितामा ब्यबसायिक कृषि योजना निर्माण गरी बिउ, सिँचाइ र प्राङ्गारिक मलको उचित संयोजन गरी उत्पादन ब्यवसायिकतामा बृद्धि गर्न जोड दिइनेछ।

१८. कृतिम तरिकाबाट पशुहरुमा नश्ल सुधार गर्ने र प्राकृतिक गर्भधानको लागि राँगा, गधा,बोका, थुमा र कुखुरा खरिद गरी बितरण गर्ने ब्यवस्था मिलाईने छ।

१९. पशुपालन ब्यवसायलाई ब्यवसायिक बनाउन किसानहरुका लागि आधुनिक खोर निर्माण गर्न अनुदान रकम दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२०. किसान समुह समिति फर्महरुले पशु पालन सम्बन्धि नमुना कार्यक्रम गरे वापत उक्त किसान समुह समिति तथा फर्महरुलाई छनोटको आधारमा उच्च मुल्यांकन गरी कृषक प्रोत्साहान स्वरुप अनुदान प्रदान गरीनेछ।

२१. एक्कल महिला विपन्न वर्ग तथा पिछडीएको महिला समूहलाई छनोट गरी उन्नत बाख्रा अनुदान कार्यक्रम स्थानीय कुखुरा अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष



२२. पशुपालन ब्यबसायलाई थप ब्यवस्थित र ब्यबसायिक गर्न पशु तथ्यांक संकलन कार्यक्रम संचालनमा ल्याइने छ।

२३. व्यावसायिक पशुपालन कृषकहरुको लागि गोठालो भत्ता दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२४. कृषि अनुदान कार्यक्रम सञ्चालन गर्दा समूह, संस्था, सहकारिका साथसाथै विपन्न किसान परिवारलाई समेत समावेश गरिने नीति अवलम्वन गरिनेछ।

**ख) सिंचाई**

२५. कृषि उत्दानको संभाब्यता अध्ययन गरी सिँचाइका श्रोतहरुको परिचालनका लागि बिशेष पहल गरिने छ। यसका लागि संघ तथा प्रदेश सरकार सँगको सहकार्यमा कुलो तथा लिफ्ट सिंचाइ कार्यक्रम अगाडि बढाइनेछ। कृषि उत्पादनको संभाब्यता अध्ययन गरी खेतीयोग्य जमीनमा सिँचाइ सुविधा उपलब्ध गराउन सिँचाइ प्रणालीको विकास गरि कृषि उत्पादन कार्यलाई प्राथमिकताका दिइनेछ।

२६. जलउत्पन्न प्रकोपलाई न्यूनीकरण गर्न नदी, जोखिमयुक्त जलाशय, नदी तथा पहिरो नियन्त्रणका लागि प्रभावकारी योजना तर्जुमा गरी कार्यान्वयनमा लाइने छ।

२७. नदि र खोलाको कटानबाट जोखिममा परेका बस्ति तथा खेतियोग्य जमिन सुरक्षाको लागि विशेष कार्यक्रम लागु गरिनेछ।

**ग) कला संस्कृति तथा पर्यटन**

२८. बारेकोट सम्बृद्धिको महत्वपूर्ण आधार पर्यटन हो। यसर्थ पर्यटन गुरु योजना निर्माण गरी पर्यटन प्रबद्र्धन विकास गर्न बिशेष पहल गरिने छ।

२९. महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान, प्रचार प्रसार र विकासका लागि आबश्यक पहल गरिने छ।

३०. यहाँका सबै ऐतिहासिक, धार्मिक, पुरातात्विक स्थल,संस्कृति, सभ्यताको खोज, संरक्षण र सम्वद्र्धन गरिनेछ। साथै प्रचार प्रसारका लागि आवश्यक कार्यक्रमहरु जस्तै सामाजिक संजाल, वेबसाइट प्रयोगका साथै श्रब्य दृश्यि सामाग्रि निर्माण गर्न पहल गरिने छ।

३१. बारेकोटमा संचालित रेडपाण्डा संरक्षण कार्यक्रमलाइ निरन्तरता दिँदै सहकार्यका लागि दातृ निकायसँग आवश्यक समन्वय गरिनेछ।

३२. जिल्लाकै सुन्दर बस्ति सिल्पाचौरमा होमस्टे संचालनका लागि आबश्यक ब्यबस्था सहित बिस्तृत अध्ययन गरी काम अगाडी बढाइने छ।

३३. धार्मिक तथा पर्यटकीय क्षेत्र संरक्षण कला संस्कृतिको संवर्द्धन पुरातत्व विभागमा सूचिकृत गराउने देखि IT पार्कको स्थापना गर्ने व्यवस्था मिलाईनेछ।

३४. बारेकोटको प्रसिद्ध देवता राँगाबाँचिलाको मन्दिर निर्माण गरि दैविक शक्तिपिठको रुपमा स्थापित गर्न विस्तृत योजना निर्माण भइसकेकोले आवश्यक कार्य अगाडि बढाईनेछ।

३५. पर्यटन प्रवर्द्धन र विकासका लागि आउने आर्थिक वर्षमा बारेकोट चिनाउ अभियान संचालनका लागि विशेष कार्यक्रम संचालन गर्न पहल गरिनेछ।

३६. बारेकोटको कला संस्कृति र बाजा संरक्षणाका निम्ति विशेष व्यवस्था मिलाइनेछ।

**घ) उद्यम विकास;**

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

३७. उद्यमशीलताको विकास उद्यमी निर्माणको लागि उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिइ प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

३८. सीप सिकिसकेका व्यक्ति तथा उद्यमीहरुको लागि पुनर्ताजकी तालिम सञ्चालन गरिनेछ । व्यावसाय सञ्चालन गरेका व्यावसायीहरुका लागि व्यावसाय प्रवर्द्धन गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

३९. विद्यालयबाट उद्यमशीलताको विकास, सीप सिकाइ कार्यलाई सुरुवात गर्ने पढ्दै कमाउँदै कार्यक्रम आ.व. २०८०/०८१ देखि उद्यविकास कार्यक्रममार्फत सञ्चालन गरिनेछ ।

४०. गरिवी निवारण र आयआर्जनको लागि अल्लो, निगालो, बाँस, छाला ऊन जन्य उद्यम शिलताका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ साथै होजियारी सिलाई बुनाई सम्वन्धी आवश्यक तालिम सञ्चालनको व्यवस्था गरिनेछ ।

४१. उद्यमशीलता, घरेलु उद्योग र सिलाइकटाई तालिम संचालनको कार्य उद्यमविकास शाखा मार्फत सञ्चालन गरिनेछ ।

**ङ) उद्योग, वाणिज्य र सहकारी**

४२. बारेकोटमा रहेका खनिज फलामखानी र तामाखानीको सम्भाव्यता अध्ययनका लागि संघ तथा प्रदेश सरकारको सहकार्यमा पहल गरिनेछ ।

४३. दैनिक उपभोग्य वस्तु तथा सेवा नियमित र सहज रुपमा आपूर्ति हुने व्यवस्था मिलाउनुका साथै नियमित अनुगमन तथा नियमन मार्फत बजारलाई व्यवस्थित गरिनेछ ।

४४. बजारमा अवधि नाघेका खाद्यवस्तु र औषधि बिक्री वितरणमा रोक लगाइनेछ । दर्ता नभएका, उत्पादन मिति तथा मिश्रण उल्लेख नभएका र प्रयोग अवधि उल्लेख नभएका तयारी खाद्यवस्तु बजारमा बिक्री वितरणमा प्रतिबन्ध लगाइनेछ ।

४५. खाद्यन्न आपुर्तीका लागि घाट बजारमा स्थापना भएको खाद्य डिपोमा खाद्यान्न आपूर्तिको व्यवस्था गरिनेछ र नुन आपुर्तीको लागि नुन डिपोको स्थापनाका लागि आवश्यक पहल गरिनेछ ।

४६. तिन खम्बे अर्थ नीति अनुसार पालिका भित्र संचालनमा रहेका सम्पुर्ण सहकारीहरुलाई क्रियाशिल बनाउने र सहकारी संस्थासँगको साझेदारीमा आयआर्जन गरिबी निबारण स्वरोजगार सिर्जना सम्बन्धि कार्यक्रम संचालन गरिने छ ।

**२. सामाजिक विकास**

**क) शिक्षा, युवा तथा खेलकुद**

४७. बारेकोट गाउँपालिकाकोशैक्षिक सुधारका लागि नमूना बालविकास (ECD) कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै ती बालविकासमा प्रवधिमैत्री शिक्षण सिकाइ कार्यक्रम सञ्चालनको कार्यक्रम बढाउँदैलगिनेछ ।

४८. गृहणी शिक्षा,अनौपचारिक शिक्षा, मानव अधिकार शिक्षा, कानूनी शिक्षा र यौन शिक्षा सम्वन्धी कक्षा, विद्यालयमा सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

४९. दिवा खाजा व्यवस्थापन तथा क्षमता अभिवृद्धि र विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता कार्यक्रमका लागि आवश्यक व्यवस्था गरिनेछ ।

२०८०/०३/१०

५०. हालसम्म बारेकोट गाउँपालिमा उच्च शिक्षा प्रदायक शिक्षण संस्था नभएको र आगामी दिनमा पालिकामै उच्च शिक्षाको पहुँच हुनेगरी एउटा स्नातक तहको पठनपाठन गर्न क्याम्पस स्थापनाका लागि आवश्ययक पहल गरिनेछ।

५१. यस पालिकाबाट प्रत्येक वर्ष एस.ई.ई. उतिर्णहुने छात्र/छात्राहरु मध्य प्रथमहुने छात्र/छात्रालाई प्रोत्साहन सम्मान गरिनेछ।

५२. प्राविधिक शिक्षा तर्फ उच्च शिक्षा अध्ययन गर्ने MBBS, BE र LLB पढ्ने एक/एक जनालाई Diploma & Bachelor Level पटके सहायता दिने व्यवस्था गरिनेछ । साथै दलित छत्र छात्राहरुलाई विषेश प्राथमिकता दिइने छ।

५३. स्नातक तह सम्मको बहुप्राविधिक शिक्षालय स्थापना गर्ने विशेष पहल गरिनेछ। वीरेन्द्र ऐश्वर्य मा.वि. लिम्सालाई प्राविधक शिक्षालयको रुपमा विकास गिरनेछ।

५४. गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वितरण गरिएको शिक्षण सिकाई अनुदान (बालविकास, प्रावि, निमावि, मावि,कम्प्युटर सहायक र कार्यालय सहयोगी) लाई आबश्यताको आधारमा थपघट र ब्यबस्थापन गरिने छ।

५५. विद्यालयहरुको भौतिक व्यवस्थापनलाई व्यवस्थित गरी शिक्षण सिकाई कार्यलाई प्रभावकारी बनाउन आवश्यकताका आधारमा प्राथमिकिकरण गरी विद्यालयहरुमा थप भौतिक पुर्वाधारहरुको व्यवस्था गरिनेछ।

५६. गाउँपालिकाबाट संचालन अनुमति प्राप्त सामुदायिक बालविकास केन्द्रहरुमा दरबन्दी, भौतिक पुर्वाधारको व्यवस्थापन गरी शिक्षण सिकाईलाई सहज तथा प्रभावकारी बनाउन पहल गरिने छ।

५७. शिक्षकहरुको पेशागत क्षमतालाई अभिवृद्धि गर्न पालिकास्तरमै थप तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ।

५८. बालबालिकाहरुको अन्तरनिहीत क्षमता तथा प्रतिभा प्रष्फुटनका लागि विद्यालयस्तरमा विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न पहलगरिनेछ।

५९. खेलक्षेत्रको विकासका र खेलाडी उत्पादनका लागि बारेकोटमा रंगशाला निर्माण र सुविधा सम्पन्न सभाहल निर्माणका लागि पहल गरिनेछ।

६०. गाउँ शिक्षा योजना तयारी तथा प्रबोधिकरण, शैक्षिक क्यालेन्डर निर्माण, स्थानिय स्तरमा संचालन गरिने विभिन्न परीक्षाको प्रभावकारी व्यवस्थापन तथा संचालन गरिनेछ ।साथै स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

६१. बिद्यार्थी भर्ना र टिकाउ दरलाई प्रोत्साहित गर्दै दिगो र गुणस्तरीय शिक्षाको लागि सबै बिद्यालयका बालविकास कक्षा देखि ५ कक्षा सम्मका बिद्यार्थीलाइ पोषणयुक्त दिवा खाजाकार्यक्रम प्रभावकारी बनाइनेछ।

६२. विद्यालयका प्रधानाध्यापकहरुको नियमित बैठक तथा विद्यालयहरुले पालिकामा त्रैमासिक प्रगति प्रतिवेदन पेश गर्ने कार्यको सुरुवात गरिनेछ।

६३. विद्यालयहरुको गुणस्तर सुधार, सिकाई सुदृढिकरण तथा कार्यसम्पादनमा थप सुधार गर्न आवश्यक कार्य अघि बढाइनेछ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बीर बहादुर
अध्यक्ष

२०८०/०३/१०

६४. शिक्षण संस्थाहरुलाई समयानुकुल प्रबिधिमैत्री बनाउदै बिद्यार्थीहरुलाइ आधुनिक सूचना प्रबिधिको सिकाइ तर्फ अभिप्रेरित गर्दै लगिने छ।

६५. अपाङ्गता भएका बालबालिकाहरुलाई स्रोत कक्षा सञ्चालन गर्न पहल गरिनेछ।

६६. नियमित शिक्षक विद्यार्थी मूल्याङ्कन प्रणाली विकास गरी शिक्षक विद्यार्थी प्रोत्साहन गर्ने व्यवस्था मिलाइने छ।

**ख) स्वास्थ्य**

६७. स्वस्थ बारेकोट समृद्ध बारेकोटीको स्थानीय लक्ष्य हाँसलि गर्न स्वास्थ्यका ६ स्तम्भहरुमा ध्यान दिइने छ। १) मानव श्रोत २) आर्थिक श्रोत ३) औषधी औजार र उपकरण ४) नेतृत्व तथा सुशासन ५) सूचना प्रणाली ६) स्वास्थ्य पूर्वाधार।

६८. अति बिपन्न नागरिकहरुका लागि स्थानीय आपतकालिन आकस्मिक कोष संचालन गरिनेछ।

६९. यस पालिकाका अन्तर्गतका ६० वर्ष नाघेका जेष्ठ नागरिकहरुको उपचारका लागि घुम्ति शिबिर संचालन गर्ने प्रबन्ध मिलाइने छ।

७०. बारेकोटबासीलाई सर्वसुलभ र गुणस्तरीय आधारभुत स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक नीतिगत, कानूनी र संरचनागत सुधार गरिनेछ।

७१. बारेकोटको आर्थिक अवस्था, स्वास्थ्य स्थिति र भौगोलिक विकटतालाई मंध्यनजर गरि पालिकाले सञ्चालनमा ल्याएको एम्बुलेन्स सेवा सञ्चालनमा निरन्तरता दिइनेछ।

७२. १५ शैयाको आधारभूत अस्पताल लिम्सामा राष्ट्रिय लक्ष्य अनुरुप गाउँपालिकाबाट आवश्यक सहयोग गरी थप विशेषज्ञ डाक्टरहरुको व्यवस्थापन गर्न पहल गरिनेछ। यसै वर्षबाट प्राथमिक स्वास्थ्य केन्द्रमा भिडियो एक्सरे, इसिजी, एक्सरे लगायतका विशेष उपकरण र सो संचालनका लागि स्वास्थ्यकर्मीलाई आवश्यक तालिम संचालन गर्ने र स्वास्थ्य केन्द्रबाट बीरामीलाई २४ सैं घन्टा सेवा प्रवाह हुने ब्यबस्था गर्न पहल गरिने छ।

७३. यहाँका सम्पूर्ण आधारभुत स्वास्थ्य केन्द्रहरुलाई स्वास्थ्यचौकीमा स्तरोउन्नती गर्न आवश्यक पहल गरिनेछ।

७४. प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा भ्याक्सिन स्टोर गर्नका लागि कोल्डचेनको व्यवस्था गर्नुका साथै पालिका भित्रका बर्थिगं सेन्टरहरुलाई व्यवस्थित गर्दै अन्य स्वास्थ्य संस्थाहरुमा आवश्यक पूर्वाधार तथा जनशक्ति व्यवस्थापन सुरक्षित सुत्केरी सेवा संचालन गरिनेछ।

७५. सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा अतिआवश्यक औजार उपकरण, स्टेचर फर्निचर जस्ता साधन श्रोतले सम्पन्न बनाउदै लगिने छ।

७६. जोखिममा परेका गर्भवती तथा सुत्केरी आमा र बच्चाको जीवन रक्षाका लागि हवाइ उद्धार सेवा सञ्चालनका लागि आवश्यक समन्वय गरिनेछ।

७७. स्वास्थ्यकर्मीहरुको सीप बिकासका लागि बिभिन्न तालिम संचालन गर्न जिल्ला प्रदेश र संघीय सरकारसंग समन्वय गरी तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ।

७८. पोषणसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकतामा राखी संचालन गरिनेछ।

बारेकोट गाउँपालिका

बीर बहादुर गिरी

वीर बहादुर गिरी
अध्यक्ष
२०८०/०३/१०

७९. कडा प्रकृतिका रोग लागि उपचार गर्न नसकेका नागरिकहरुका लागि उपचारको व्यवस्था मिलाउन पहल गरिने छ ।

८०. नेपाल सरकारसँगको समन्वयमा सबै नागरिक स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।

८१. सबै स्वास्थ्य संस्थाहरुमा सौर्य प्रणली तथा इन्टरनेट जडान गरि प्रविधि मैत्री स्वास्थ्य नीति अवलम्बन गर्न पहल गरिनेछ ।

८२. क्षयरोग तथा कुष्ठरोगका बिरामीहरुको पहिचान तथा सहज उपचारको व्यवस्था मिलाईनेछ ।

८३. सरकारी तथा गैह्र सरकारी सँस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिदै थप स्वास्थ्य क्षेत्रमा सहकार्य गर्ने संघ सँस्थाहरुलाई कार्यक्रम लागु गर्न पहल गरिनेछ ।

८४. बाजार तथा वस्ति टोलहरुबाट उत्पादनहुने विभिन्न प्रकारको फोहोरमैलालाई निश्चित स्थानमा व्यवस्थित गर्न आवश्यकताको आधारमा डम्पिङसाईट तोकी फोहोरमैलाको उचित व्यवस्थापनका लागी आवश्यक प्रक्रिया अगाडि वढाईनेछ ।

८५. महिला स्वंयमसेविकाहरुका लागि सहुलियत स्वरुप प्रोत्साहन भत्ताको व्यवस्था गरिनेछ ।

**ग) खानेपानी तथा सरसफाई**

८६. पानीको जीवन उपयोगितालाई सिद्ध गर्न साझेदार संघ संस्थाहरुसँगको सहकार्यमा जल उपयोग गुरुयोजना अनुसार कार्यक्रम अगाडि बढाईने छ ।

८७. मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र नेपाल(CMC Nepal)सँगको सहकार्यमा संचालित सामुदायिक मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

८८. खानेपानी तथा सरसफाईको दीर्घकालीन समस्या समाधान गर्न शुद्ध खानेपानी र स्वस्थ वातावरण निर्माणका लागि बिशेष पहल गरिनेछ ।

८९. स्वास्थ्य तथा सरसफाईका लागि खानेपानीको लक्ष्य पुरा गर्ने नीति अनुरुप"एक घर एक धारा" कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ, साथै विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालय लगायत सबै सार्वजनिक सँस्थाहरुमा स्वच्छ पिउने पानीको सुविधा बिस्तार गरिनेछ ।

९०. खानेपानी योजनाहरुको दीर्घकालिन उपयोगिताका लागि हरेक योजनाहरुमा मर्मत संभार कोष स्थापना गर्ने व्यवस्था मिलाईने छ।

९१. WARMP-HELVETAS, NCCSP,पहाडी क्षेत्र विकास अभियान, लगायतका खानेपानीका क्षेत्रमा काम गर्ने संघ सँस्थाहरु सँगको सहकार्यलाई निरन्तरता दिदै खानेपानीको समस्या समाधानको पहल गरिनेछ ।

९२. सरसफाई सम्बन्धी रणनीतिक कार्ययोजना बनाई सरसफाई लक्षित कार्यक्रम सञ्चालन गर्दै स्वच्छ वातावरण र स्वस्थ नागरिक निर्माणको अभियान सञ्चालन गरिने छ ।आवश्यकता अनुसार सार्वजनिक स्थलहरुमा सार्वजनिक शौचालयहरु निर्माणका लागि पहल गरिनेछ ।

९३. एक घर एक धारा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न र दिगो व्यवस्थापनका लागि पालिका स्तरमा खानेपानी,सरसफाई, स्वच्छता तथा मर्मत सम्भार समिति गठन गरि परिचालन गर्ने व्यवस्था आ. व. २०८०/०८१ देखि मिलाईने छ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

वीर बहादुर गिरी
अध्यक्ष २०८०/०३/१०

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

घ) लक्षित वर्ग

९४. जनयुद्ध, जन आन्दोलनका घाइते, अपाङ्ग र शहिद परिवारका लागि विशेष राहत कार्यक्रम ल्याईनेछ

९५. छोरा र छोरी बिचको भदेभावलाई न्यूनिकरण गर्दै बालविवाह रोक्न, धेरै सन्तान जन्माउँदा आमा र बच्चा दुबैको स्वास्थ्य कमजोर हुने अवस्था आउन नदिन, घर र खेतीपातीमा महिलालाई निःशुल्क कामदारको रुपमा हेर्ने परम्परा अन्त्य गर्न, महिनावारी हुँदा गरिने विवेदित व्यवहारलाई निरुत्साहित गर्न,महिलाले पछाडी खाना खाने जस्ता विभेद युक्त व्यवहार हटाउन छोरा र छोरीलाई समान अवसरका साथ राज्यका सबै क्रियाकलापमा सरिक हुने वातावरण बनाउन आवश्यक सबै उपायहरुको खोजी गरिने छ ।

९६. नारी सुरक्षाका लागि छोरी खाता सञ्चानलाई व्यापक रुपमा विस्तार गरिनेछ ।

९७. जीवन संगिनी गुमाएका एकल पुरुषहरुका लागि बिदुर भत्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९८. जातीय विभेदअन्तर्गत दलितहरु प्रति अमानवीय र निकृष्ट व्यवहार निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।

**९९. दलित र गैर दलित युवायुवती बीच माघी विवाह भएमा त्यस्तो जोडीलाई रु. १ लाख प्रोत्साहान सहित सम्मान गरिनेछ ।**

१००. महिला दलित तथा अपाङ्गता भएका व्यक्तिहरुलाई आयआर्जन कार्यक्रम लागु गरी परम्परागत मौलिक सीप र कलालाई प्राविधिक शिक्षा समेतको माध्यमले आधुनिकीकरण र व्यावसायिक बनाई रोजगारीका थप अवसरहरु सृजना गर्न पहल गरिनेछ ।

१०१. एकल महिलाहरुको समूह निर्माण गरी समुहमा आधारित सामाजिक कल्याण र आयआर्जन उन्मुख कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०२. अपाङ्गता भएका व्यक्तिहरुलाई परिचय पत्र वितरण गर्दा नीतिगत प्रक्रिया पूरा गरि वडा कार्यालबाट अपाङ्ग परिचय पत्र वितरण गर्न घुम्ती शिविर संचालन गर्ते कार्यक्रम ल्याइनेछ ।

१०३. साहारा विहिन, टुहुरा, बालबालिकाहरुको पालनपोषण र शिक्षा दिक्षाको प्रवन्ध गर्न संस्थागत अनाथालय स्थापनाका लागि पहल गरिनेछ ।

१०४. फरक क्षमता भएका व्यक्तिहरुलाई सीपविकास तालिम संचालन गर्न प्रवन्ध मिलाईनेछ ।

१०५. अति विपन्न परिवारका लागि शौचालय सदृढिकरण अभियान संचालन गरिनेछ ।

१०६. लागु औषदको उत्पादन, वसारपसार र प्रोगलाई नियन्त्रण गर्न विशेष अभियान सञ्चालन गर्न पहल गरिनेछ ।

३. पूर्वाधार तर्फ

१०७. बारेकोट रिङरोड निर्माणका लागि पहल गरिनेछ ।

१०८. दीगो पूर्वाधार विकासको आधुनिक मान्यतालाई आत्मसाथ गर्दै पूर्वाधार विकासका क्षेत्रमा नयाँ आयाम स्थापित गर्ने गरि विकास योजनाहरुको तर्जूमा, कार्यान्वयन र मूल्याङ्कन गरिने छ ।

१०९. सबै वडाबाट पालिका केन्द्र सम्मको सहज पहुँच विस्तार गर्न ट्रयाक खोलिएका सडकहरुको स्तरोन्नतिको काम क्रमश अगाडि बढाईनेछ ।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

वीर बहादुर गिरी
अध्यक्ष
२०८०/०३/१०
बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

११०. पालिका केन्द्रदेखि सदरमुकाम सम्मको सडक सम्पर्क सहज बनाउन सडको स्तरोन्नती र सडक पुल निर्माणका लागि विशेष पहल गरिनेछ । आ.व. २०८०/०८१ मा दोविल्ला खोला मोटरेवल पुल निर्माणको काम अगाडी बढाईनेछ ।

१११. विगत आ.व. हरुमा कार्य संचालन भइ कार्य सम्पन्न हुन बाँकी विभिन्न आयोजनाहरुको कार्यसम्पन्न गर्ने कार्यलाई यो आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ ।

११२. उज्यालो बारेकोटका लागि केन्द्रिीय बिद्युत प्रशारण लाइन बारेकोटसम्म बिस्तारका लागि आबश्यक पहल गरिनेछ र गाउँपालिका अन्तर्गत संचालित लघु जलविद्युत आयोजनाहरुको मर्मत संभार कार्यलाई निरन्तरता दिइनेछ ।

११३. पालिका भित्र संचालित साना लघुजलबिद्युत आयोजनाहरुलाई एउटै प्रसारण लाइनमा एकिकृत गरि गाउँपालिका भित्र विधुत प्रसारण तथा वितरण गर्ने संस्थागत व्यवस्था मिलाइनेछ ।

११४. लघु जलविद्युत्त आयोजनालाई प्रभावकारी व्यवस्थापन गर्न फलामे पोल विस्तार गर्न पहल गरिनेछ ।

११५. नलगाड जलविधुत परियोजनाको डि.पि.आर. प्राप्त गर्ने र लगानी कर्ता जुटाउन संघीय सरकारलाई अनुरोध गर्ने संरचनाको मुआब्जा तत्काल वितरणको व्यवस्था मिलाउन सरोकारवाला निकायसँग अनुरोध गरिनेछ ।

११६. गाउँपालिका महत्वका रणनीतिक सडकहरुमा आवश्यकता अनुसार **"हाम्रो जनता सडक कार्यक्रम"**कार्यक्रमलाइ निरन्तरता दिदैं **"हरेक टोल र बस्तीमा सडक निर्माण बर्ष भरी नै गाडी संचालन गर्ने हाम्रो अभियान कार्यक्रम"**ल्याई परिणाममूखी कार्यान्वयन गरिनेछ ।

११७. हाल सम्म सडक सञ्जालसँग नजोडिएका वडा नं ३ को मुल्साम, रुम्शिल, वडा नं २ को सेरी, वडा नं १ को वयाला, वडा नं ६ को धुमा, वडा नं ७ को ताँपु सैनी, वडा नं ८ को डाँडागाउँ जामिरचौर लैखम जुगेना वडा नं ४ को कम्द, जालतरी, कोल्लाया धुमालगाउँ, वडा नं ५ को धोरा वडा नं. ९ को माथी कामी, सक्ला गाउँ, माथिल्लो खारी लगायतका वस्तीहरुमा सडक सञ्जाल जोड्न विशेष पहल गरिने छ ।

११८. स्तरोन्नती भइरहेका सडकहरुको कार्यलाई तिब्रता दिइनेछ ।

११९. संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२०. नेपाल सरकारले तोकेअनुसार बर्गीकरण गरिएका Village Road, City Road, Federal Road, National Highway को मापदण्ड अबलम्बन गरिनेछ ।

१२१. सडक, भवन र पुलहरुको मुल्यांकन गर्ने नयाँ प्रविधिको अबलम्बन गर्न प्राविधिकहरुको क्षमता विकासका तालिम संचालन गरिनेछ ।

१२२. सडक आसपासमा हरियाली वाताबरण निर्माण गर्न र सडक सुरक्षाका लागि बृक्षा रोपन कार्यक्रम संचालन गर्ने कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१२३. UNDP, WFP को संयुक्त आर्थिक साझेदारीमा संचालित स्थानीय विकास सहयो कार्यक्रम, जापानी सरकारको आर्थकि तथा UNDP को प्राविधिक सहयोगमा संचालित जलवायु सम्वन्धी स्थानीय कार्यहरु मार्फत मानव सुरक्षा सुदृढीकरण कार्यक्रम नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम NCCSP र हेलभेटास नेपालको आर्थिक सहयोगमा पहाडी क्षेत्रविकास अभियानको

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३
वीर बहादुर गिरी
अध्यक्ष

सामाजिक परिचालनमा संचालित एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम लगायतका कार्यक्रमलाई पालिकाको साझेदारीमा आउने आर्थिक वर्षमा पनि निरन्तरता दिइने छ । साथै अन्य दातृ निकायहरुको साझेदारी पूर्वाधार तथा सामाजिक विकास, आय आर्जनका लागि नयाँ कार्यक्रम संचालनको लागि आवश्यक पहल गरिनेछ ।

**४. भवन तथा सहरी विकास :**

१२४. सबै वडा कार्यालयको भवन निर्माण गर्ने लक्ष्य अनुरुप निर्माण हुन बाँकी वडा नं ५ को कार्यालय भवन कार्यलाई अगाडी बढाइने छ ।

१२५. नेपाल सरकारको भवनसम्बन्धी आचार संहिता लागू गरिनेछ । गाउँपालिकामा निर्माण हुने घरहरु भूकम्प प्रतिरोधी बनाउनका लागि प्रत्येक वडाका स्थानीय २० जना मिस्त्रीहरुलाई (MESON) तालिम संचालन गरिनेछ ।

१२६. सुरक्षित घर निर्माण र वस्ती व्यवस्थापनका लागि निर्माण गरिएको भवन आचारसंहितालाई कार्यान्वयनमा ल्याईनेछ ।

१२७. जनता आवास, खर मुक्त छाना र एकिकृत वस्ती विकासको कार्यक्रमलाई संघ र प्रदेश सरकारसँग सहकार्यमा अगाडि बढाइनेछ ।

**५. वन, वातावरण तथा विपद् व्यवस्थापन :**

१२८. हरियो वन बारेकोटको धन भन्ने मान्यता विकास गरि वन अतिक्रमण रोक्न नीतिगत व्यवस्था गरिनेछ

१२९. वातावरणीय स्वच्छता अभिवृद्धि तथा **जलवायु परिवर्तन हरित गृह प्रभाव रोक्न** हरेक वडाहरुमा वृक्षारोपन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

१३०. जडीबुटीको खोजतलास संकलन र निकासीका लागि नीतिगत प्रवन्ध गरि बारेकोटमै जडीबुटी प्रशोधन केन्द्र स्थापनाका लागि विशेष पहल गरिनेछ ।

१३१. गिट्टी, ढुङ्गा, बालुवा, माटो लगायतका प्राकृतिक सम्पदाको उचित र व्यवस्थित उपयोगको नीति र अन्य अतिक्रमणलाई नियन्त्रण गर्ने व्यवस्था गरिनेछ ।

१३२. विपदको पूर्वतयारी, खोज तथा उद्धार, राहत वितरण, पुनस्थापना र लेखाजोखा लगायतका सबै चक्रलाई आत्मसात् गरी समन्वयात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१३३. गाउँपालिका क्षेत्र भित्र अमुल्य लोपोन्मुख वन्यजन्तु, जडिबुटी पाइने तर तीनिहरुको चोरी शिकारी तथा निकासी पैठारी हुने गरेकोले यसको नियन्त्रण तथा न्युनीकरणका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।

१३४. बारेकोटको जडिबुटी संकलन र निकासीको लागि आवश्यक संस्थागत पहल गरिनेछ ।

१३५. बाढी पहिरोका कारण बारेकोटका अधिकांश गाउँबस्तीहरु उच्च जोखिममा रहेकोले एकीकृत बस्ती व्यवस्थापन कार्यक्रम संघ तथा प्रदेश सरकारको सहकार्यमा अगाडी बढाइनेछ ।

१३६. बाढी, पहिरो, भूक्षय रोक्नका लागि**रुख रोपौं, आफू बचौं र गाउँलाई बचाऔं**कार्यक्रमलाई अगाडी बढाउन पहल गरिनेछ ।

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३ वीर बहादुर गिरी अध्यक्ष

२०८०/०३/१०

१३७. नदि तथा खोलाको कटानमा परेर उच्च जोखिममा रहेका वडा नं १ को कोटेली वडा नं २, ८, ५ को आसपास घाटबजार, काउली बजार, वडा नं ८ को सेपुखोला लगायतका वस्ति सुरक्षा गर्न तटवन्धन निर्माणका लागि आवश्यक पहल गरिनेछ।

## ६. बहुक्षेत्रीय पोषण MSNP

१३८. गाउँपालिकाले बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि आवश्यक नीति अबलम्बन गर्ने छ।

१३९. बारेकोट गाउँपालिकामा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै समपुरक कोष Matching Fund को व्यबस्था गरिनेछ।

१४०. बहुक्षेत्रीय पोषण योजना अन्तर्गत पोषण मैत्री स्थानीय शासन(NFLG) अबलम्बन गर्न पोषण मैत्री वडा घोषणाबिशेष अभियानलाई निरन्तरता दिइने छ।

१४१. महिला, किशोरी र बालबालिकाहरुमा हुने कुपोषणको अबस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारको प्राथमिकतामा रहेको बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनलाई उच्च प्राथमिकतामा राखिनेछ।

१४२. पोषण सेवाको पहुँच र उपभोग बढाउनका निम्ति विशेष पहल गरिनेछ।

१४३. कडा कुपोषणबाट प्रभावित बालबालिकाको संख्या भएको क्षेत्रमा **"पोषण यूक्त कुपोषण मुक्त"** कार्यक्रम संचालन गर्न पहल गरिने छ।

१४४. सुनौला १००० दिने आमाहरुका लागि आवश्यक कार्यक्रम संचालन गरि पोषणका बारेमा जानकारी गराईने छ।

१४५. पोषण तथा खाद्य समितिलाई विषयगतका कार्यक्रमहरु संचालन भए नभएको अनुगमन गर्ने व्यवस्था मिलाईनेछ।

१४६. कडा शीघ्र कुपोषण र मध्यम शीघ्र कुपोषणको ब्यवस्थापनमा सुधार ल्याईने छ।

१४७. विद्यालय छोडेका किशोरीहरुलाई पोषण लगायत अन्य स्वास्थ्य सरसफाई तथा समविकास विषयमा आवश्यक ज्ञान र जीवन उपयोगी सीप सिकाउन पहल गरिने छ।

१४८. प्रत्येक घरमा पोषण मैत्री परिवारीक वातावरण तयार बनाउन जनचेतना मुलक कार्यक्रम संचालन गरिने छ।

## ७. संस्थागत विकास, सेवा प्रवाह, सुशासन तथा अन्तरसम्वन्ध।

१४९. आवश्यक ऐन, नियमावली, कार्यविधि, निर्देशिका तथा निर्देशनहरु तयार गरिनेछ।

१५०. संस्थागत विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउन नियमानुसार ओ. एण्ड एम. गरिनेछ।

१५१. गाउँ प्रहरी गठनका लागि आवश्यक अध्ययन गर्न कार्यदल गठन गरि प्रक्रिया अगाडि बढाउने पहल गरिनेछ।

१५२. गाउँपालिका भित्र सामाजिक अनुशासन र मर्यादा कायम गर्न सुरक्षा गार्ड राख्ने व्यवस्था मिलाईनेछ।

१५३. कार्यालयको कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीहरुको लागि आवश्यकताको आधारमा मोटर साइकल खरिद गर्ने व्यवस्था मिलाईनेछ।

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

वीर बहादुर गिरी
अध्यक्ष

१५४. पालिकामा कार्यरत जनशक्तिलाई आ-आफ्नो सेवा र समूह अनुसार आवश्यकताका आधारमा जिम्मेवारी परिवर्तन सहित सेवामा गुणस्तरीयता अभिवृद्धि गर्न पुनर्ताजकी तालिमको व्यवस्था गरि क्षमता विकास गरिनेछ।

१५५. भौगोलिक रुपमा सिमा जोडिएका र सामाजिक सम्वन्ध स्थापित छिमेकी पालिकाहरुसँगको सहकार्यमा सिमा क्षेत्र विकास कार्यक्रम संचालनका लागि पहल गरिनेछ।

१५६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्र सरकारी संस्थाहरुद्धारा सञ्चालन गरिने कार्यक्रमहरुलाई पारदर्शी र जवाफदेही बनाइनेछ।

१५७. प्रदेश सरकारको प्राथमिकताका क्षेत्रमा दोहोरो नपर्ने गरी श्रोत परिचालन गर्न प्रोत्साहित गरिनेछ।

१५८. विकास साझेदारहरुको सहयोगलाई स्थानीय प्राथमिकताको क्षेत्रमा बजेट प्रणाली र स्थानीय सञ्चित कोष मार्फत परिचालन हुने व्यवस्था मिलाइनेछ।

१५९. विकास साझेदारहरुबाट हुने कार्यक्रमहरु (सचेतना, अध्ययन, अनुसन्धान र पूर्वाधार विकास) स्थानीय सरकारको वार्षिक विकास कार्यक्रममा आवद्धता गराई लागु गरिनेछ।

१६०. स्थानीय सरकारको प्राथमिकतालाई कार्यान्वयन गर्न आवश्यक थप नीतिगत तथा कानूनी व्यवस्था गर्दै लागिनेछ।

१६१. लागत अनुमान, सम्भाव्यता अध्ययन र विस्तृत परियोजना प्रतिवेदन तयार भएका परियोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ साथै आवश्यकताका आधारमा नयाँ आयोजनाहरु संचालनका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गर्नेकाम अगाडि बढाईनेछ।

१६२. सालबसाली रुपमा सम्पन्न हुने आयोजनाहरुको हकमा असोज मसान्त भित्र जनश्रमदानको सम्मान गर्दै सामाजिक श्रमदानको संस्कृति विकास गर्न प्रदेश सरकारले सञ्चालनमा ल्याएको श्रमदिन अभियानलाई सफल पार्न विशेष पहल गरिनेछ।

१६३. प्रदेश समन्वय परिषद्का बैठकबाट लिइने निर्णय र गरिने साझा प्रतिबद्धतालाई प्राथमिकताका साथ कार्यान्वयन गर्न प्रदेश सरकारलाई सहयोग गर्ने नीति लिईनेछ।

१६४. शान्ति सुरक्षा कायम गर्न वडा नं ३ मुलसाम, वडा नं ४ दह वडा नं ६ घर्तिगाउँमा अस्थायी प्रहरी चौकी स्थापनाका लागि पहल गरिनेछ।

## ८. विज्ञान, सूचना, सञ्चार तथा प्रविधि

१६५. गाउँपालिकाको वेवसाइटलाई अध्यावधिक गरी पालिकाका सम्पूर्ण गतिविधिहरु सार्वजनिकगर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१६६. पालिकाका महत्वपूर्ण योजना, ऐन, कार्यविधि, डकुमेन्ट्री तथा महत्वपूर्ण विधुतीय कागजातहरुलाई राष्ट्रिय सूचना केन्द्र (NITC) मा सर्भको स्थापना गरी आधिकारिक रुपमा सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाईनेछ।

१६७. वडाहरुमा सञ्चालित इन्टरनेट सेवालाई थप प्रभावकारी बनाईनेछ।

१६८. पालिकाभित्र हुने नमुना अभ्यासहरुलाई रेडियो तथा पत्रपत्रिका मार्फत व्यापक प्रचार प्रसार एवं जानकारी गराने व्यवस्था गरिनेछ।

नलगाड/बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

वीर बहादुर गिरी
अध्यक्ष

१६९. इन्टरनेट सेवाको गुणस्तर अभिवृद्धिका लागि गाउँपालिका केन्द्र सम्म फाइवर नेट पुऱ्याउन नेपाल टेलिकम तथा इन्टरनेट सेवा प्रदायक कम्पनीहरु हरुसँग पहल गरिने छ ।

१७०. अभिलेख व्यवस्थापन तर्फ नविनतम प्रविधिको प्रयोग गर्ने व्यवस्था मिलाइनेछ । विषेश गरी वडा तथा पालिकाबाट संकलन हुने राजश्वलाई विधुतीय प्रणाली सुत्रमा थप भएको राजश्व Modules लाई आर्थिक वर्ष २०८०/०८१ देखि लागु गरिनेछ ।

१७१. सरकारी तथा गैर सरकारी संस्थाहरुको नीति, कार्यक्रम लगायतका विषयमा सुधार ल्याउन सूचना तथा अधिलेख केन्द्र स्थापना गर्ने व्यवस्था मिलाईनेछ ।

१७२. कार्यालय व्यवस्थापन तर्फका अत्यावश्यकीय सफ्टवेयरहरु व्यावसाय दर्ता प्रणाली, कर्मचारी व्यवस्थापन प्रणाली, न्यायिक व्यवस्थापन प्रणाली, जस्ता Software हरुलाई लागु गर्ने व्यवस्था मिलाईनेछ ।

१७३. गाउँपालिकाले खरिद गरिसकेका तर सञ्चालनमा नभएका विद्युतीय सिफारीस, दर्ताचलानी, योजना व्यवस्थापन प्रर्णाली, जस्ता Software हरुलाई प्रयोगमा ल्याई प्राइभेट सेवा प्रदायकहरुसँग भएको होस्टिङको सम्झौता खारेज गरि राष्ट्रिय सूचना प्रविधि केन्द्र (NITC) मा होष्टिङ गर्ने व्यवस्था मिलाइनेछ ।

१७४. विभिन्न सरकारी पोर्टल, अनलाईन सीफारिस, घटना दर्ता,SuTRA, जिन्सी व्यवस्थापन प्रणाली, योजना व्यवस्थापन प्रणाली जस्ता अत्यावश्यकीय Software हरुलाई सञ्चालन गर्न पालिकाको जनशक्तिलाई पुनरताजकी तालिमको व्यवस्था गरिनेछ ।

१७५. आगामी दिनहरुमा क्रमशः यस पालिकालाई e-Government को रुपमा पूर्ण डिजिटाइज गरि Paper Less बनाउन आवश्यक प्रक्रिया अघिबढाइनेछ ।

१७६. स्वास्थ्यमा प्रविधिको पहुँच पुऱ्याउनTelemedicineप्रणालीको स्थापनारप्रविधि मैत्री विद्यालयको स्तरोन्नती गरी बालबालिकाहरुलाई सूचना प्रविधिको पहुँचमा सहभागी बनाउँदै लैजाने व्यवस्था मिलाइनेछ ।

१७७. Digital Palika घोषणा गर्न आवश्यक पूर्वाधार निर्माणको लागि पहलगरिनेछ ।

**९. प्रधानमन्त्री रोजगार**

१७८. बढ्दो बेरोजगारी समस्या समाधान गरी रोजगारी सिर्जनाका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिने छ । कामदारको खातामा पैसा पुग्ने ब्यबस्था गरी रोजगार प्रवर्द्धन गर्नेकामलाई निरन्तरता दिइने छ ।

१७९. उपभोक्ता समिति गठन तथा परिचालन कार्यविधि अनुसार सिमान्तकृत वर्गको नेतृत्व, सहभागिता र सबैको स्वामित्व गर्ने नीति अवलम्वन गरिनेछ ।

१८०. आ.व.२०८०/०८१ देखि संचालन हुने प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट संचालन हुने योजनाहरुको काममा युवा सहभागिता, महिला सहभागिता सुनिश्चित गरिने छ ।

१८१. सबै वडामा बेरोजगारहरुको सुचीकरण गरी उनीहरुका लागि बिशेष रोजगारको प्रबन्ध गरिने छ ।

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

१८२. लगानीको अभाबमा ब्यबसाय गर्नबाट बन्चितहरुका लागि बित्तिय संस्थाहरुको लगानी सुरक्षित गर्न आबश्यक बजेटको ब्यबस्था गरी यहि आर्थिक बर्षबाट बारेकोटमा बैकिङ्ग लगानीको बातावरण निर्माण गरिने छ ।

१८३. बारेकोट गाउँपालिकाको रोजगार रणनीति २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।

**गाउँ सभा सदस्य ज्युहरु !**

१८४. संघीय सरकारबाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१८५. करहरुको दायरा विस्तार गर्न नीतिगत व्यवस्था गरिनेछ ।

१८६. सञ्चालन खर्चलाई निश्चित सीमाभन्दा बढ्न नदिन अनिवार्य दायित्व सिर्जना हुनेतर्फ सजग रही पूँजी निर्माण हुने क्षेत्रमामात्र लगानी केन्द्रित गरी खर्च गर्ने क्षमता बढाउँदै लगिनेछ ।

१८७. उपलब्ध साधन तथा स्रोतको अधिकतम उपयोग गर्न योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण गर्न स्वचालित पद्दतिको अवलम्बन गरिनेछ ।

१८८. दीर्घकालीन सोचका आधारमा आवधिक योजनालाई अद्यावधिक गर्दै त्यसको आधारमा वार्षिक बजेट र विकास कार्यक्रम तर्जुमा गरिनेछ ।

१८९. संघ र स्थानीय तह, प्रदेश र स्थानीय तहको साझेदारीमा सम्पन्न गर्न सकिने तथा स्थानीय तह स्वयंले सञ्चालन गर्ने सम्भावित आयोजनाहरुको सूची तयार गरिनेछ ।

१९०. वार्षिक बजेट तर्जुमा, कार्यान्वयन, सार्वजनिक खर्च लेखाकन र प्रतिवेदन लगायतका कार्यहरु तथ्य र मापदण्डको आधारमा गर्ने गरी वित्तीय जवाफदेहिता सम्बन्धी नीतिगत, कानूनी र संरचनागत व्यवस्था गरिनेछ । यसका लागि नेपाल सरकार द्धारा स्वीकृत सुत्र नामक सफ्टवेयरमा आधारित प्रविधिलाई पूर्ण रुपमा अवलम्बन गरिनेछ ।

१९१. प्रभावकारी अनुगमन तथा मूल्याकन पद्दतिको विकास गरिनेछ ।

१९२. आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा नभएसम्म कार्यान्वयनका लागि बजेट व्यवस्था गरिने छैन ।

१९३. एक आर्थिक वर्षभित्र सम्पन्न हुन नसक्ने पालिकाका महत्वका आयोजनाहरुलाई मात्र आयोजना तयारीका सम्पूर्ण चरणहरु पूरा भएपछि बहुवर्षीय आयोजनाको रुपमा बजेट व्यवस्था गरिनेछ । यसका लागि आयोजना तयारी फिल्टर बनाई लागु गरिनेछ ।

१९४. नेपाल सरकार र प्रदेश सरकारसंगको समन्वयमा पालिका भित्र सञ्चालित योजनाहरुको प्रभावकारी रुपमा अनुगमन र मूल्याकन गरिनेछ ।

१९५. पालिका भित्र सञ्चालित आयोजनाहरुको प्रभावकारी अनुगमनका लागि अनुगमन समितिको प्रत्यक्ष निगरानीमा स्थलगत अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।

१९६. उपाध्यक्षको नेतृत्वमा रहने योजना अनुगमन समितिबाट प्राप्त सुझाव तथा निर्देशनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१९७. आवश्यकता अनुसार आयोजनाहरुको तेस्रो पक्षबाट अनुगमन मूल्याकन गर्ने कानूनी प्रबन्ध मिलाईनेछ ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

१९८. प्रभावकारी अनुगमनका लागि सूचना प्रविधिको विकास गरिनेछ र अनुगमनबाट प्राप्त नतिजाको समीक्षा गर्ने प्रणालीको विकास गरिनेछ ।

१९९. पञ्जिकरण सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन पन्जीकरण अधिकारी तथा लेखा सहायकहरुलाई आवश्यकताका आधारमा व्यवस्थापन गर्दै क्षमता विकासका आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

२००. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा जोड दिईने छ ।

२०१. कानूनी शासनको प्रवर्द्धन गर्न आवश्यक कानून निर्माण, कानूनी सचेतना, कानूनी परामर्श, कानूनी साक्षरता तथा कानूनको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२०२. न्यायिक समितिको प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

२०३. समग्र शासकीय कार्य सम्पादनमा आम जनता, नागरिक समाज, सञ्चार क्षेत्र, राष्ट्रसेवक कर्मचारी र जनप्रतिनिधिहरु सबैले आ–आफ्नो जिम्मेवारी गम्भिरतापूर्वक वहन गरी नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सरकारी काम र निर्णयको पारदर्शिता, जनलेखा परीक्षण जस्ता नवीन शासकीय उपक्रम सञ्चालन गरी गाउँपालिकामा सुशासनको प्रत्याभूती गराईनेछ ।

२०४. जनताको संचार सुविधाको आवश्यकतालाई महसुस गर्दै आगामी आर्थिक वर्षबाट बारेकोट एफएम संचालनका लागि व्यवस्था मिलाईनेछ ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रम तयारीका क्रममा रचनात्मक, महत्वपूर्ण सल्लाह, सुझाव दिने विशेष र योगदान गर्नु हुने गाउँसभाका सम्पूर्ण सदस्य ज्यूहरु, राजनीतिक दलका प्रतिनिधि, कर्मचारी साथीहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी तथा सम्पूर्ण बारेकोटबासीहरुप्रति हृदयदेखि हार्दिक आभार सहित कृतज्ञता प्रकट गर्दछु । तपाईहरुको स्वस्थ आलोचना रचनात्मक सल्लाह सुझाव सदैव प्राप्त भइरहनेछ भन्ने विश्वास लिएको छु ।

**धन्यबाद !**

वीर बहादुर गिरी
अध्यक्ष

२. बार्षिक बजेट तथा कार्यक्रम

"स्वच्छ, स्वस्थ एवम् समृद्ध बारेकोट निर्माण
गरिवि निवारण रोजगारी सिर्जना र उत्पादन वृद्धिमा हाम्रो अभियान"

बारेकोट गाउँपालिका उपाध्यक्ष श्री नर बहादुर गिरीज्यूद्धारा प्रस्तुत
आ.व. २०८०/०८१ को

## बजेट बक्तव्य

सम्मानित गाउँसभाका अध्यक्ष महोदय,
सभाका सम्पूर्ण सदस्य ज्युहरु।

सर्वप्रथम राष्ट्रियता लोकतन्त्र, अग्रगामी परिवर्तका लागि नेपाली जनताले पटक-पटक गर्दै आएका ऐतिहासिक शसस्त्र संघर्ष तथा शान्तिपूर्ण जनआन्दोलन-१जनयुद्ध, जनआन्दोलन-२, मधेश आन्दोलन लगायत राजनीतिक व्यवस्था परिवर्तनको लागि त्याग बलिदान गर्नुहुने इतिहासका महान शहिदहरुलाई हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै वेपत्ता तथा घाईते अपांग योद्धाहरुको सु-स्वास्थ्यको कामना सहित हार्दिक सम्मान व्यक्त गर्दछु

**सम्मानित सभा अध्यक्ष महोदय,**

नेपालको राजनीतिक ईतिहासमा भएका परिवर्तनबाट प्राप्त उपलब्धिहरुको रक्षा एवं संस्थागत विकास गर्दै राज्यको पुनःसंरचना पहिचान र अधिकार सहितको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको स्थानीय तहको दोश्रो आवधिक निर्वाचन २०७९ को निर्वाचन अभियान प्रक्रिया पुरा गरी बारेकोट गाउँपालिकाले स्थानीय सरकार संचालन गरेको समयावधि १ वर्ष १ महिना ११ दिन पुरा गरिसकेका छौं। नेपालको संविधान २०७२ को धारा ५६ को उपधारा १ र २ मा उल्लेखित तीन तहका सरकारहरु संघ, प्रदेश र स्थानीय सरकारका काम, कर्तव्य र अधिकार पुरा गर्न हाम्रो काँधमा ऐतिहासिक कार्यभार पूरा गर्न बारेकोटी जनताले आवधिक निर्वाचनको माध्यमबाट अधिकार प्रत्यायोजन गरेको तथ्य हाम्रो सामु छ। नेपालको संविधान २०७२ को अनुसूची ९ मा उल्लेखित भएको साझा अधिकारहरुको सूची अनुसार (सहकार्य, सह-अस्तित्व र समन्वय) कायम राख्दै स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार आगामी आ.व. २०८०/०८१ बारेकोट गाउँ पालिकाको सातौं बजेट सभा अर्थात गाउँ सभाको १७ औं अधिबेशनमा बार्षिक नीति योजना तथा कार्यक्रम बजेट सार्वजनिक गर्न पाउँदा म निकै हर्षित एवं गौरवान्वित महशुस गरेको छु।

**सभा अध्यक्ष महोदय,**

२०८०/०३/१०

स्थानीय तहको दोश्रो आवधिक निर्वाचन पछिको १ वर्ष पुरा गरेको समयावधि स्मरण गर्दै पालिकाले सम्मानित छैटौं गाउँ सभामा पेश गरेको नीति तथा कार्यक्रम, बजेटले केही नयाँपन अर्थात आयामहरु स्थापित गरेको छ । सीमित श्रोत र साधन भएपनि विकासका पूर्वाधारहरु स्वास्थ्य, शिक्षा, कृषि विकास निर्माणमा स्थानीय नागरिकहरुले ज्यालामजदुरी एवं रोजगार, स्वरोजगारको शुरुवात भएका छन् । सरकारी तथा गैरसरकारी संघ संस्थाका कार्यक्रमहरु केन्द्रिकृत गरी स्वास्थ्य शिक्षा तथा कृषिका क्षेत्रहरुमा उप-सूचकहरु सकारात्मक देखिनुले उपलब्धि नै ठान्नुपर्छ । जनताको प्रत्यक्ष घर दैलोको अर्थात चुलोको सरकार हुनुको नाता सम्बन्धले सरकार संचालनमा केही तिता, मीठा अनुभव अनुभूति सिकाईहरु जनताबाट लिने र जनतालाई नै दिने प्रक्रिया निरन्तर रहेको छ । यस गितिशिल यात्राको तथ्यहरुबाट बारेकोट पालिका सरकारको १ वर्ष १ महिना ११ दिनको कालखण्डमा २९ वटा भन्दा बढी स्थानीय ऐन, कानून, नियमावली र कार्यविधि निर्माण गरी कार्यान्वयनमा रहेका छन् । बारेकोटलाई विकास र सम्वृद्धिको यात्रामा दिशावोध गराउन प्रेरित एवं उर्जा प्रदान गर्नुहुने गाउँ सभाका सम्पूर्ण सदस्यहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख/ प्रतिनिधि, पालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारी, शिक्षक बुद्धिजीवि, संचारकर्मीहरु, किसान, मजदुर तथा सम्पूर्ण घरदेश र प्रदेशमा रहनु हुने बारेकोटी जनता (आमा, बुवा, दाजुभाई, दिदीवहिनी) हरुको भूमिकालाई स्मरण गर्दै हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**सभा अध्यक्ष महोदय एवं सभाका सदस्यज्युहरु,**

एक्काईसौ शताव्दीको पूर्वाद्धमा विश्व जगतमा आएको विज्ञान प्रविधिमा भएको भौतिक विकास, संग संगै शक्तिशाली राष्ट्रहरुले विश्व अर्थतन्त्रमा एकमना बर्चश्व एवं व्यापार अर्थनीतिमा तिब्र प्रतिस्पर्धा भईरहेको छ । उद्योग, व्यवसाय, कलकारखाना एवं मानव जीवनको विरुद्धमा प्रयोग गरिने घातक आनविक हात हतियार निर्माणको प्रतिस्पर्धा पनि उत्तिकै मात्रामा दिनानुदिन बढिरहेको तथ्यहरु हाम्रो सामु छन् । यसले गर्दा विश्वको धनी मुलुकहरु धनी बन्दै गईरहेका छन् भने गरिव मुलुकहरु प्राकृतिक साधन स्रोतहरुले प्रर्याप्त भएपनि झन गरिव हुँदै गईरहेका छन् । उदाहरणको लागि सिरिया, रुवाण्डा, श्रीलंका लगायत बहुँसंख्यक मुलुकहरु विश्व अर्थतन्त्रमा प्रभाव पार्ने पछिल्लो समयमा देखा परेको आणविक हतियारको निर्माणको पौठेजोरी, युद्ध तथा मानव जगतमा देखा परेको महाभारी(कोभिड-१९) जलवायु परिवर्तनले ल्याएको वातावरणीय प्रतिकूलन, रुस, युक्रेन युद्ध लगायतका घटनाहरुले नेपालको राष्ट्रिय अर्थतन्त्रमा नकारात्मक सूचक तथा उप-सूचकहरु हाम्रा सामु उभिएका छन् ।

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

नेपालको राष्ट्रिय अर्थतन्त्र स्वभाविक रुपले सुस्त गतिमा छ । अर्थतन्त्र गतिशिल एवं चलायमान हनु सकेको छैन । आन्तरिक राजस्व, रेमिट्यान्स प्रक्षेपण, बैदेशिक व्यापार, स्वदेशी उत्पादनको क्षेत्रमा नीजि लगानी, सार्वजनिक

वीर बहादुर गिरी
अध्यक्ष

वीरकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

तथा सहकारी क्षेत्रमा उत्साहजनक सूचक लगानी नभई कतिपय क्षेत्रहरुमा दलाल तथा बिचौलिया एवं माफियाहरुको प्रवेशको संकेत उप-सूचांक देखिदा निराशामा बदल्ने संकेत गर्दछ । यद्यपि राष्ट्रिय अर्थतन्त्रमा केहि सकारात्मक प्रभावका संकेत नभएका होईनन । आ.व. २०७९।०८० को बार्षिक बजेट तथा योजना कार्यक्रममा ४६ करोड ४१ लाख ९२ हजारको (अक्षरुपी छयालीस करोड एक्चालीस लाख बयानव्वे हजार) मात्र छैटौं गाउँसभाले स्वीकृत गरेको तथ्य हाम्रो अगाडी छ । जहाँ हामी कार्यान्वयको वर्षको अन्तिम महिना अषाढ तेश्रो साता पर्खिरहेका छौं । चालु आ.व. २०७९।०८० को स्वीकृत बजेट कार्यक्रममा मुलुकको राष्ट्रिय अर्थन्त्रमा आएको गिरावटले वित्तीय समानीकरण अनुदान राजस्व वाँडफाँडमा करिव १ करोड १४ लाख रकम कम हुने प्रक्षेपणको संकेत भएपछि भुक्तानी प्रकृयामा चुनौतिको रुपमा देखा परेको छ ।

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

हाम्रो ग्रामीण तथा राष्ट्रिय अर्थतन्त्रमा आउने परिवर्तन संग संगै संघ, प्रदेशको वित्तीय समानीकरण, आन्तरिक राजस्व बाँडफाँड तथा परिचालन र सीमित श्रोत र साधनको सीमाभित्र रही हाम्रो पालिकाको बार्षिक बजेट कार्यक्रम निर्माण भएको ब्यहोरा पेश गर्न चाहन्छु । विगतको अनुभवले सावित गरिसकेको छ कि हाम्रो सामाजिक टुक्रे उत्पादन सम्बन्ध, उत्पादकत्व बीच योजना निर्माणको अन्तरबिरोधले घोषित लक्ष्य, उद्देश्यहरु हासिल हुन नसक्नुका कारणहरु थिए भन्ने कुरा हाम्रो बजेटको सोध, खोज र अनुसन्धानले देखाउदछ । सामाजिक टुक्रे उत्पादन सम्बन्ध, जीवन निर्वाहमुखी व्यावसाय, वितरणमुखी अर्थ प्रणाली तथा बजेटले जनताको जीवनस्तरमा अपेक्षाकृत परिवर्तन हन सकेको छैन । बजेट कार्यक्रमको आधारभूत क्षेत्रहरु स्वास्थ्य, शिक्षा, कृषि, साना घरेलु उद्योग तथा उत्पादनशिल पर्यटन व्यावसाय सहितको श्रमसंगै रोजगारीको सम्भावनालाई पहिलो प्राथमिकता दिईएको छ । बजेट कार्यक्रमको लक्ष्य भौतिक पूर्वाधार विकासलाई मात्र जोड नदिई सामाजिक विकास संगै नागरिकको जीवनस्तरमा परिवर्तन गर्ने उद्देश्यका साथ श्रोत अनुमान तथा बजेट निर्धारण समितिको प्राप्त बजेट सीमाका आधारमा सम्मानित गाउँसभामा आगामी आ.व. २०८०।०८१ को बार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

**सभा अध्यक्ष एवं सभा सदस्यज्युहरु,**

अब,आगामी आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रमको आधारमा बजेट तथा कार्यक्रमहरुलाई प्राथमिकता निर्धारण गरेको छु ।

१. गरिवी अन्त्य र पिछडिएको क्षेत्र र वर्ग समुदायहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा जोड दिदैं सामाजिक सुरक्षा कार्यक्रमको निरन्तरता सहित आ.व. २०७९।०८० देखि

वीरकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

वीर बहादुर गिरी
अध्यक्ष
२०८०/०३/१०

लागु भएको एकल पुरुषको लागि बिदुर भत्ताको निरन्तरता उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

२. गाउँपालिकाको केन्द्रलाई केन्द्रविन्दु मानि हाल संचालनमा रहेको ग्रामीण सडकखण्डहरुलाई संघ, प्रदेश र स्थानीय सरकारको लागत सहभागितामा स्तरउन्नोति गर्न श्रोत अनुमान तथा अनुदानको आधारमा समपूरक बजेट विनियोजन गरिएको छ ।

३. भौतिक पूर्वाधारतर्फ प्रत्येक वडा वस्तीहरुमा सडकको नयाँ ट्र्याक खोल्ने कार्यलाई निरन्तरता दिदै हालसम्म ग्रामीण सडकको पहुँच नपुगेको बस्ति वडा नं ३ मुल्साम सडक खण्ड, वडा नं ६ धुमा सडक खण्ड र वडा नं २ सेरी सडक खण्डलाई श्रोत अनुमान तथा अनुदानको आधारमा प्राथमिकिकरण गरी रकम विनियोजन गरेको छु ।

४. शैक्षिक गुणस्तर अभिवृद्धि गर्न एवं सुधारको नयाँ प्रतिवद्धता सहित स्थानीय पाठ्यक्रम निर्माण गर्न एवं शिक्षण सिकाई अनुदानलाई निरन्तरता दिन आ.व २०७९/०८० को बजेट श्रोत अनुमानलाई आधार मानी रकम विनियोजन गरेको छु ।

५. बारेकोटको शैक्षिक गुणस्तर दिनानुदिन अपेक्षाकृत परिणाम हासिल हुन नसकेको तथ्यलाई स्वीकार गर्दै सुधारको लागि नियमित अनुगमन र मूल्यांकनको आधारमा विद्यालयहरुको शैक्षिक तथा भौतिक प्रगतिको स्थलगत अध्ययन, अनुगमन गरी विद्यालयको तहगत अवस्था घटाउने/ बढाउने वा समायोजन(मर्ज) गर्नको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

६. WFP, Mersycop (विश्व खाद्य कार्यक्रम र मर्सिकप आर्थिक सहयोगमा) संघीय सरकारको शर्सत अनुदान अन्तर्गत दिवा खाजा कार्यक्रमलाई मेनु अनुसार ४५ सामुदायिक विद्यालय र ९ समुदायमा आधारित बालबिकास केन्द्रहरुलाई कार्यान्वयन गर्न अनुदानको आधारमा आवश्यक रकम विनियोजन गरेको छु ।

७. बारेकोट गाउँपालिका अन्तर्गतका आधारभूत तह (१-५) तथा मा.वि. विद्यालयहरुमा आधुनिक सूचना प्रणाली प्रविधिमैत्री(Digitalization) शिक्षण सिकाई विद्यालयका रुपमा क्रमशः विकास गरी संचालन गर्न श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

८. बारेकोट गाउँपालिकाको प्राविधिक पाठ्यक्रम सहित अध्ययन, अध्यापन शुरु गरिएको श्री वीरेन्द्र ऐश्वर्य मा.वि. लिम्सा र उच्च शिक्षा हासिल गर्न स्नातक तह संचालन गर्न संघ प्रदेश सरकार संग समन्वय गरी प्राविधिक समस्या समानधान गर्न आवश्यक रकम विनियोजन गरेको छु।

९. स्वास्थ्य क्षेत्रका सूचकहरुलाई सकारात्मक दिशा उन्मुख गराउन आमा सुरक्षा कार्यक्रमलाई प्राथमिकता दिदै पालिका स्तरको १५ शैयाको अस्पताललाई संघ, प्रदेश सरकार संग समन्वय गरी उपकरण खरिद तथा जनशक्ति (चिकित्सक) को व्यवस्था अबिलम्व गराउनुका साथै सामुदायिक स्वास्थ्य ईकाई केन्द्रहरु थप वा भएका सामुदायिक स्वास्थ्य ईकाई केन्द्रहरुलाई गतिशिल बनाउन नियमित रकम व्यवस्था गरेको छु ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

१०. मातृ शिशु स्वास्थ्यमा विशेष ध्यान दिदै सरकारी तथा गैर सरकारी संस्थाहरु संग सहकार्य र सह लगानीमा जोड दिदै उपाध्यक्ष संग संस्थागत सुत्केरी एवं पोषणमैत्री कार्यक्रमलाई प्राथमिकता दिन श्रोत अनुदान/ अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

११. बारेकोट सामुदायिक स्वास्थ्य जीवन र आर्थिक विपन्नता र भौगोलिक विकटतालाई मध्यनजर गरी गाउँपालिकमा नेपाल भारतको मैत्रीपूर्ण सहयोगमा उपलब्ध भएको एम्बुलेन्सको उपयोग र संचालन कार्यविधिमा उल्लेखित शर्तहरु ध्यान राख्दै एम्बुलेन्सको प्रयोग, सेवा प्रवाह र आमदानीको श्रोत व्यवस्थापन एवं विपन्न नागरिकहरुको स्वास्थ्य अवस्था सुरक्षित राख्न विपन्न आकस्मिक स्वास्थ्य उपचार कोषमा रकम विनियोजन गरेको छु ।

१२. बारेकोट गाँउपालिकाबाट चिकित्साशास्त्र, ईन्जिनियिङ र कानुन संकाय तर्फ Diploma 3 Years Bachelor Level का विपन्न तथा जेहेन्दार विद्यार्थीहरुको लागि सामाजिक समावेशिकरणको आधारमा पटके सहायता रकम र पूर्ण छात्रवृत्तिका लागि संघ र प्रदेश सरकारहरु संग सहकार्य गर्न श्रोत अनुमान तथ अनुदानमा आधारित रकम विनियोजन गरेको छु ।

१३. कृषि तथा पशुपालनको क्षेत्रमा वस्तु उत्पादन तथा व्यावसायीकरण गर्दै कृषकमैत्री बनाउन नीजि ताथ समूह सहकारीको सहभागितामा अनुदान प्रणाली अवलम्बन गर्ने गरी संघ, प्रदेश र स्थानीय सरकारको श्रोत अनुमान तथा अनुदानको आधारमा रकम विनियोजन गरेको छु ।

१४. मानव स्वास्थ्य र पशुस्वास्थ्य सुधारका लागि अलग मानव, र अलग पशु घर कार्यक्रमलाई निरन्तरता दिन श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

१५. भू-उपयोग नीतिको कार्य योजना बनाई भूमि आयोगको निर्धारित ऐन, नियमावली अनुसार जग्गा वर्गिकरण श्रोत अनुमानको आधारमा रकम विनियोजन गरेको छु ।

१६. कृषितर्फ एक वडा एक प्राविधिक, एक उत्पादन कार्यक्रम र पशुपंक्षी तर्फ एक वडा एक पशु सेवा ईकाई कर्यक्रमलाई निरन्तरताको लागि नियमित बजेट विनियोजन गरेको छु ।

१७. पर्यटन गुरु योजना निर्माण तथा प्रवर्द्धनको लागि परामर्श सेवाको लागि आवश्यक रकम विनियोजन गरेको छु ।

१८. गाउँपालिकाको कार्यक्षेत्र भित्रपर्ने सहकारी संस्थाको क्षमता अभिवृद्धि गर्न एव नलगाड हाईड्रो पावर कम्पनीबाट मुआब्जा भुक्तानी लिएका बाँझो बनाईएका खेतबारी जमिनहरुलाई कृषि उत्पादनमा उपयोग गर्न संघ, प्रदेश र स्थानीय तहको समन्वयमा समूह तथा सहकारीहरुलाई (Matching found) समपूरक कोषको लागि रकम बिनियोजन गरेको छु ।

१९. मानव सूचाङ्क र पशुपंक्षीहरुको एकिन तथ्याङ्क संकलन(Data Collection) गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

२०. बालमैत्री स्थानीय तह घोषणाका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

२१. अन्तरजातिय मागी बिवाह (दलित र गैर दलित) बीच गर्ने जोडिलाई प्रोत्साहन स्वरुप सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२२. पोषणमैत्री स्थानीय तह घोषणाका लागि हाल वडा नं १ बाट शुरु गरिएको छ । उक्त कार्यक्रमलाई क्रमिक रुपमा सबै वडाहरुमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२३. महिलाहरुको क्षमता विकास तथा शसक्तिकरणका लागि उदघोण(बोल्ने अभ्यासको विकास)का लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु ।

२४. बाल अधिकारको सुनिश्चितताका लागि पालिकाभित्र रहेका आधारभूत र माध्यमिक विद्यालयहरुमा बाल क्लबहरु गठन तथा पुनःगठन गरी वडा स्तर र पालिका स्तरीय बाल संजाल गठनका लागि आवश्यक बजेटको तथा कार्यक्रमको व्यवस्था गरेको छु ।

अब,

आगामी आ.व. २०८०।०८१ को लागि घोषित नीति तथा कार्यक्रमका आधारमा प्रस्तावित बजेट, योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्नका लागि श्रोत अनुमान तथा बजेट निर्धारण समितिको निर्देशन अनुसार अनुमानित आयतर्फका श्रोतहरुका शिर्षकहरुलाई सम्मानित गाउँ सभाको १७ औं अधिवेशन समक्ष पेश गर्न अनुमित चाहन्छु । प्राप्त बजेटका श्रोतहरु तल उल्लेख गरेको छु ।

अनुमानित आयतर्फ

| क्र.स. | शिर्षक | रकम रु |
|---|---|---|
| १ | पालिकाको आन्तरिक राजस्वतर्फ | २२ लाख |
| २ | वित्तीय समानीकरण संघ | ७ करोड ९१ लाख |
| ३ | राजस्व बाँडफाँड संघ | १० करोड २७ लाख ५५ हजार |
| ४ | समपूरक अनुदान संघ | १ करोड ८५ लाख |
| ५ | विशेष अनुदान संघ | ५० लाख |
| ६ | शर्सत अनुदान संघ | २० करोड ९४ लाख |
| ७ | राजस्व बाँडफाँड प्रदेश | ८२ लाख ८ हजार |
| ८ | सवारी साधनबाट प्राप्त राजस्व बाँडफाँड | ४ लाख ७५ हजार ९ सय ७ रुपैंया |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | |
| १० | मुख्यमन्त्री रोजगार कार्यक्रम | |
| ११ | स्थानीय पूर्वाधार विकास कार्यक्रम (LISP) | २ करोड ५० लाख |
| १२ | NGO तथा INGO | |
| | **जम्मा रकम रु** | **४५ करोड ६ लाख ३८ हजार ९ सय ७ रुपैंया** |

वीर बहादुर गिरी
अध्यक्ष

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

कुलयोग रु **४५ करोड ६ लाख ३८ हजार ९ सय ७ रुपैंया** बजेट सिलिङ्ग प्राप्त भएको व्यहोरा अनुरोध छ।

माथि उल्लेखित प्राप्त श्रोत अनुमान, अनुदानलाई आधारमानी अनुमानित व्ययका शिर्षक/ उपशिर्षकहरुमा बजेट खर्च हुने अनुमान गरेको छु।

१. कुल पूजीगत खर्च रु **३७ करोड ८६ लाख ३८ हजार ९ सय ७ रुपैंया**।
२. चालु कोष तर्फको खर्च रु **७ करोड २० लाख**।

आ.व. २०८०।०८१ को बित्तीय समानीकरण तथा राजस्व बाँडफाँड तर्फ

बिषयगत क्षेत्र/उपक्षेत्र पूंजीगत कार्यक्रम खर्च

१.आर्थिक विकासः **१ करोड ५० लाख**

क. कृषि तर्फ रु ३८ लाख
ख. पशुपंक्षी तर्फ रु ६० लाख
ग. पर्यटन तथा संस्कृति तर्फ रु ९ नौ लाख
घ. भूमि व्यवस्था, सहकारी तथा वित्तीय सेवा तर्फ रु १० लाख
ङ. श्रम, रोजगार तथा गरिवी निवारण ( लघु उद्यम अल्लो, निगालो, बाँस, नेपाली कागज, छालाजन्य, उनजन्य, पार्लर, होजेरी, सिलाइकटाई तथा बुनाइ आदी) तर्फ रु ३३ लाख

२.सामाजिक विकासः **७ करोड २६ लाख ५० हजार**

क. स्वास्थ्य तथा पोषण रु २ करोड २० लाख

ख. शिक्षा, भाषा, कला तथा साहित्य रु ४ करोड ४१ लाख

ग. खानेपानी तथा सरसफाई रु १७ लाख

घ. महिला, बालबालिका तथा सामाजिक समावेशीकरण रु १९ लाख ५० हजार

ङ. युवा खेलकुद तथा नवप्रवर्तन रु १९ लाख

च. सामाजिक सुरक्षा तथा पंञ्जीकरण रु १८ लाख

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष
२०८०/०३/१०

छ. उपक्षेत्रः स्वास्थ्य तर्फ बारेकोट गाउँपालिका अन्तर्गत आयुर्बेदिक औषधालय (नागरिक आरोग्य केन्द्र) संचालन तथा व्यवस्थापनको लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था स्वास्थ्य शाखाको समन्वयमा कार्यन्वयन हुने व्यवस्था गरेको छु ।

ज. महिला तथा बालवालिकाहरुको अपङ्गता परिचय पत्र वितरणका साथै अपाङ्गता तथा अभिभावक नभएका बालबालिकाहरुलाई शिक्षा क्षेत्रमा न्यूनतम बजेट तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**३.पूर्वाधार विकासः१ करोड ७१ लाख**

क. भवन, आवास तथा वस्ति विकास रु १८ लाख

ख. सडक, पुल तथा यातायात रु १ करोड ५१ लाख

ग. जलश्रोत, विद्युत तथा स्वच्छ उर्जा रु २ लाख

ङ. प्रधामनमन्त्री रोजगार कार्यक्रम तर्फ रु ९० लाख

च. मुख्यमन्त्री स्वरोजगार कार्यक्रम तर्फ

छ. उपक्षेत्रः यातायत तर्फ गाउँपालिका अन्तर्गत लामो समय सम्म प्रयोगमा आइरहेका हलुका सवारी साधनहरु हाल आएर प्रयोग विहिन अवस्थामा रहेको र मर्मत गर्दा निकै खर्चिलो भइराखेकोले उक्त खर्च नियन्त्रण गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३ आर्थिक प्रशासन नियमावली २०६४ को नियमानुसार प्रक्रिया अगाडी बढाउनुका साथै उप्रान्त सरकारी कामकामको निम्ती प्रयोग हुने गरी हलुका सवारी साधन नयाँ (मोटरसाइकल) खरिद गर्न आवश्यक बजेट कार्यक्रमको व्यवस्था गरेको छु ।

४. बन तथा वातावरणः **३२ लाख**

क. बन तथा भू-संरक्षण तथा जैविक विविधता रु ४ लाख ५० हजार

ख. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन रु ५ लाख ५० हजार

ग. विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन रु २२ लाख समपुरक

**५. सुशासन तथा संस्थागत विकासः १ करोड २७ लाख ८८ हजार**

क. नीति, कानुन, न्याय तथा सुशासन सङ्गठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह रु ७ लाख ८८ हजार

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

२०८०/०३/१०

ख. न्यायिक समिति व्यवस्थापन रु १० लाख

ग. विपद तथा आकस्मिक स्वास्थ्य सेवा रु १० लाख

घ.स्थानीय पूर्वाधार सहयोग कार्यक्रम समपुरक रु ६० लाख

ङ.बहुक्षेत्रीय पोषण कार्यक्रम रु १० लाख

च. UNDP समपुरक रु १० लाख

छ. समपुरक रु २० लाख ८८ हजार

ज. पालिकामा सर्वजनिक लेखा समिति गठन गरी वित्तिय अनुसासन र प्रार्दशितालाई कायम राख्नको लागि सार्वजनिक खरिद ऐन नियमानवली कार्यन्वयन गर्न जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धि गर्न कार्यक्रमको व्यवस्था गरेको छु ।

ञ. सार्वजनिक निर्माणका सम्बन्धमा खरिद ऐन नियमावली अनुसार योजना कार्यन्वयनको सम्बन्धमा बोल पत्र तथा उपभोक्ता समितिबाट निर्माण कार्य संचालन कार्यविधि बनाई कार्यन्वयनको गर्न आवश्यक प्रक्रिया थालनीको लागि कार्यक्रमको व्यवस्था गरेको छु ।

सभा अध्यक्ष एवं सभासदस्य ज्युहरु,

अब, म आ.व. २०८०।०८१ को अनुमानित चा.लु. खर्च तर्फ प्रक्षेपण गरिएको विनियोजित रकम पेश गर्ने अनुमति चाहन्छु ।

१.चालुतर्फः **७ करोड २० लाख**

क. कर्मचारी र पदाधिकारी पारिश्रमिक तथा भत्ता तलब भत्ता, पोषाक भत्ताका सुविधा

ख. वडा समिति तथा कार्यालय संचालन व्यवस्थापन, सवारी साधन खर्च

ग. विविध तथा अन्य शर्च शिर्षक

अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु अन्तर्गत स्थानीय पूर्वाधार विकास कार्यक्रम, जलस्रोत व्यवस्थापन कार्यक्रम, जलबायु परिवर्तन तथा अनुकूलन कार्यक्रम लगायत अन्य गैर सरकारी संघ संस्था तर्फ निर्धारित कार्यक्रमका आधारमा खर्च गर्ने व्यवस्था मिलाएको छु ।

वीर बहादुर गिरी
अध्यक्ष

**सभा अध्यक्ष तथा सदस्यज्युहरु,**

माथि उल्लेखित बिनियोजित बजेट श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्राप्त निर्देशन अनुसार बजेटको क्षेत्र/उपक्षेत्रगत शिर्षकहरु सम्मानित गाउँसभामा पेश गरेको छु। क्षेत्र तथा उपक्षेत्रगत शिर्षका उल्लेखित बजेट कार्यक्रमले टोल/बस्ती तथा सम्बन्धित वडा समितिको सिफारिस भई आएका योजनाहरुको सूचीलाई विषयगत समितिहरुमा छलफल गरी एकीकृत बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भई प्राथमिकता निर्धारण गरी कार्यान्वयनको लागि लागत डिजाईन ईस्टिमेट डी.पि.आर प्रतिवेदनका आधारहरु तयार पार्न सबैको रचनात्मक सल्लाह सहित कार्यपालिकाको पूर्ण बैठकबाट अनुमोदन भएको र सम्मानित गाउँसभाको १७ औ अधिवेशनबाट अनुमोदन गराई नेपालको संघीयताको तीन आयाम राजनीतिक संघीयता, वित्तीय संघीयता, प्रशासनिक संघीयताको मूल मर्मको जगमा आवश्यक नीति, कार्यविधि, ऐन तथा नियमावली निर्माण गरी इमानका साथ कार्यान्वयन गर्न सम्मानित गाँउ सभामा प्रतिवद्धता व्यक्त गर्दछु।

अन्तमा,

प्रस्तावित बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा ओझिलो तथा पालिका अनुकूलन अनुमान अनुदानलाई उपयुक्त विधि र परिणाममुखी बनाउने उद्देश्यका साथ सल्लाह, सुझाव दिनुहुन नेपाल सरकार क्रियाशिल राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, पूर्व जनप्रतिनिधिज्युहरु, ज्ञान अनुभवी बौद्धिक वर्ग, विषयगत समितिका संयोजक तथा सदस्यज्युहरु, कार्यपालिकामा विद्यमान स्थानीय सरकार संचालन ऐन नियमहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने सन्दर्भ सामाग्रीहरुको अध्ययनमा ध्यान लगाउन प्रेरित गर्ने विषयगत क्षेत्रका शाखा प्रमुख एवं प्रतिनिधि कर्मचारीहरु, गैरसरकारी संस्थाका प्रमुख/प्रतिनिध, समग्रमा बारेकोटको विकास र सम्वृद्धिको उच्च नारालाई कार्यान्वयन गर्न गराउन उर्जा एवं अमूल्य सुझाव सहित जनमत अभिव्यक्त गर्ने घरदेश र प्रदेशमा रहनु भएका सम्पूर्ण बारेकोटी जनता(आमा बुवा दाजुभाई दिदीबहिनीहरु) प्रति उच्च आदर एवं सम्मान व्यक्त गर्दछु। बजेटमा उल्लेखित प्रस्तावहरुलाई सम्मानित सभाको १७ औ अधिवेशनबाट आगामी आ.व. २०८०।०८१ को बार्षिक बजेटमाथि दफाबार छलफल सहित अनुमोदन हुने अपेक्षा सहित अपनत्व ग्रहण गर्न सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक अनुरोध सहित आभार एवं धन्यबाद व्यक्त गर्न चाहन्छु। सम्मानीत सभा अध्यक्ष महोदय सभाका सदस्यज्युहरु हाम्रो अगाडि जनअपेक्षा र जिम्मेवारीहरुको भारी ठुलो छ। चुनौतीहरुको पर्खालहरु ठुला ठुला छन्। अवसरमा बदल्ने संकल्प गरौ भविष्य सुन्दर छ।

**धन्यबाद।**

नर बहादुर गिरी
उपाध्यक्ष
बारेकोट गाउँपालिका लिम्सा, जाजरकोट
२०८० असार १० गते आईतबार

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा जाजरकोट

**आर्थिक बर्ष २०८०/०८१ को आय विवरण**

| सि न | शिर्षक | रकम |
|---|---|---|
| १ | वित्तिय सामनीकरण | ७९१००००० |
| २ | राजश्व बाँडफाँड | १०२७५५००० |
| ३ | प्रदेश राजश्व | ८२०८००० |
| ४ | सवारी साधनबाट प्राप्त राजश्व बाँडफाँड प्रदेश | ४७५९०७ |
| ५ | पालिकाको राजश्व | २२००००० |
| | **जम्म** | **१९२७३८९०७** |
| | शसर्त अनुदान | |
| १ | समपुरक अनुदान संघ | १८५००००० |
| २ | विशेष अनुदान संघ | ५०००००० |
| ३ | सशर्त अनुदान संघ | २०९४००००० |
| ४ | जम्म | २३२९००००० |
| | **सबै जम्म** | **४२५६३८९०७** |
| | LISP | २५०००००० |
| | सबै जम्म | ४५०६३८९०७ |

बारेकोट गाउँपालिका गाउँपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय लिस्ना, जाजरकोट
आर्थिक विकास समिति

वीर बहादुर गिरी
अध्यक्ष

आर्थिक बर्ष २०८०।८१

अनुसूची १

सहकारी तर्फ

| सि.न | कार्यक्रम योजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजित रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | सहकारी | | | |
| १ | सहकारी संस्थाहरुलाई तालिम तथा अनुदान | | | ५०० |
| | जम्मा | | | ५०० |
| | **पर्यटन** | | | |
| १ | पर्यटन | | | ९०० |
| | जम्मा | | | ९०० |
| | **श्रम रोजगार तथा गरिवी निवारण** | | | |
| १ | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | | | ३३०० |
| | जम्मा | | | ३३०० |
| २ | भु उपयोग निती निर्माण जग्गा वर्गीकरण कार्यक्रम | | | ५०० |
| | **कृषि विकास** | | | |
| | मुख्य कार्यक्रम / आयोजनहरु तथा क्रियाकलापको नामः | | | |
| १ | उन्नत जातको विउ वितरण ७५ प्रतिशत अनुदानमा गहु ३० हे मकै ४० हे धान १० हे | | | ३०० |
| २ | प्रर्दशन कार्यक्रमहरु (नतिजा ९ तरिका ९ तथा उत्पादन ९ ) | | | १०० |
| ३ | **खाद्य तथा पोषण सुरक्षा पर्वद्धन कार्यक्रम** | | | ० |
| ४ | करेसावारी पर्वद्धन कार्यक्रम | | | ४५० |
| ५ | च्याउको विउ वितरण कार्यक्रम | | | ५० |
| ६ | हिउदे फलफुलका विरुवा ७५ प्रतिशतमा अनुदान कार्यक्रम | | | २०० |
| ७ | वर्षे फलफुलका विरुवा ७५ प्रतिशतमा अनुदान कार्यक्रम | | | १०० |
| ८ | खाद्य स्वच्छता तथा गुणस्तरको अनुगमन तथा प्रतिवेदन कार्यक्रम | | | ३० |
| ९ | प्रत्येक वार्डमा जैविक तरकारी फर्म स्थापन | | | २० |
| १० | धान दिवस कार्यक्रम | | | ४० |
| ११ | **कृषि व्यवसायिककरण तथा वजार पर्वद्धन कार्यक्रम** | | | ० |

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिस्ना, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १२ | जनप्रतिनिधि चौतारी कार्यक्रम | | | ३० |
| १३ | वारेकोट गाउपालिकालाई अर्गानिक क्षेत्र प्रमाणिकरणको लागि आधार तयार | | | २०० |
| १४ | **फलफुल वगैचा व्यवस्थापन कार्यक्रम (किवि ओखर )** | | | ३५० |
| १५ | **यूवा लक्षित स्वरोजगार कार्यक्रम** | | | ० |
| १६ | वाझो जमिनमा एकिकृत कृषि श्रोत केन्द्र स्थापन | | | ५०० |
| १७ | रैथानेवालीको संरक्षण कार्यक्रम( कोदो फापर चिनो काकुनो माटे ) | | | ५० |
| १८ | मशला वाली विकास कार्यक्रम (लसुन प्याज अलैची वेसार खुर्सानी) | | | १५० |
| १९ | मौरीपालनको सामाग्री वितरण | | | ५० |
| २० | आई पी एम कृषक पाठशाला संचालन | | | ७० |
| २१ | वाली संरक्षण सेवा | | | ६० |
| २२ | सम्पुर्ण कार्यक्रम ढुवानी खर्च | | | ४० |
| २३ | विविध खर्च | | | ७० |
| २४ | कार्यालय संचालनका लागि ईन्धन मर्मत र संचार खर्च | | | ९० |
| २५ | एकवार्ड एक कृषि प्राविधिकको तभ ५० प्रतिश | | | ४७६ |
| २६ | कार्यालय संचालनका लागि प्रिन्टर १ र व्याकअप राख्न सक्ने एसी ईन्भरटर १ | | | ९० |
| २७ | घरवारी वगैचा कार्यक्रमको प्राविधिकलाई त भ | | | २८४ |
| | जम्मा | | | ३८०० |

## पशु विकास

| क्र स | कार्यक्रम | | | |
|---|---|---|---|---|
| १ | औषधि खरिद | | | १००० |
| २ | पशु स्वास्थ्य शिविर | | | २०० |
| ३ | खोप सेवा कार्यक्रम | | | ३०० |
| ४ | ईन्धन तथ मर्मत खर्च | | | ५० |
| ५ | विविध खर्च | | | ५० |
| ६ | संचार खर्च | | | ६० |
| ७ | एक गाउँ एक प्राविधिक ५० प्रतिशत तलव | | | ४७६ |
| ८ | एक वडा एक पशु प्राविधिक तलव | | | २६६४ |
| १० | अलग अलग मानव र पशु घर निर्माण | | | ११५० |
| ११ | ढुवानी खर्च | | | ५० |
| | जम्मा | | | ६००० |
| | आर्थिक विकास समितिको जम्म | | | १५००० |

वीर बहादुर गिरी
अध्यक्ष

वारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय लिम्सा जाजरकोट

सामाजिक विकास समिति

वीर बहादुर गिरी
अध्यक्ष

आ.व. २०८०।८१

## स्वास्थ्य शाखा

| सि.न | कार्यक्रम योजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजित रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | पोष्टमार्टम खर्च | बारेकोट गाँउपालिका अन्तरगत | | १५ |
| २ | स्वास्थ्यकर्मिलाई नाईट भत्ता | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | ११०० |
| ३ | आधारभुत अ.हे .ब र अ.न.मी तलब | गाँउपालिका अन्तरगत रहेका सम्पुर्ण कर्मचारी | | ५१३३ |
| ४ | वर्थिङ अ.न.मी तलब | चारवटा वर्थिङ | | १४८८ |
| ५ | समुदायिक स्वास्थ्य ईकाइ स्वास्थ्यकर्मिको तलब | बयाला रुम्सिल,लैखम र सिर्पाचौर | | १०४० |
| ६ | स्वास्थ्यका कार्यालय सहयोगी तलब | गाँउपालिका अन्तरगत रहेका सम्पुर्ण कर्मचारी | | ४४२० |
| ७ | भ्याक्सिनेटर तथा अ.हे.ब तलब | बारेकोट गाँउपालिका | | १२८४ |
| ८ | ल्याब रेडियोग्राफर तलब | लिम्सा | | ७४४ |
| ९ | नियमित भ्याक्सिन तथा कोभिड भ्याक्सिन,अन्य औषधि ढुवानी खर्च ब्यबस्थापन | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | ६० |
| १० | एम्बुलेन्स र शब बाहन ब्यबस्थापन | अति गरिब बिरामि रिफर तथा पोष्टमार्टम को लागी | | १०० |
| ११ | संस्थागत सुत्केरिलाई एकतर्फि एम्नुलेन्स सेवा कार्यक्रम | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | ४०० |
| १२ | ज्येष्ठ नागरीक घर दैलो स्वास्थ्य जाँच कार्यक्रम | बारेकोट गाँउपालिका अन्तरगत | | ५०० |
| १३ | स्वास्थ्य शाखा व्यवस्थापन खर्च मसलन्द समान,पानि,बिजुली,संचार,इन्टरनेट खर्च | स्वास्थ्य शाखा बारेकोट | | १०० |
| १४ | निशुल्क स्वास्थ्य सेवाको लागि औषधी तथा औजार उपकरण खरिद तथा ढुवानी | बारेकोट गाँउपालिका अन्तरगत स्वास्थ्य संस्था स्वास्थ्य मा औषधि वितरण को ब्यबस्थापन खर्च | | ३००० |

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| १५ | मेसिनरि औजार मर्मत स्वास्थ्य | स्वास्थ्य शाखा बारेकोट | | १०० |
| १६ | मानसिक स्वास्थ्य सेवा मनोसामाजिक कार्यकर्ता तलब तथा क्षमता अभिबृद्रि तालिम | आधारभुत अस्पताल लिम्सा | | ४५० |
| १७ | DHIS -2 र ELMIS डाटा इन्ट्रिको लागी ईन्टरनेट खर्च | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | १०० |
| १८ | HMIS मासिक प्रतिवेदन समिक्षा स्वास्थ्य संस्था प्रमुख तथा अन्य स्वास्थ्यकर्मि बैठक खर्च | | | १०० |
| १९ | बिरामी पुर्जा ,HMIS लगायत स्वास्थ्य सम्बन्धि बिभिन्न अनुसुचि छपाई | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | १०० |
| २० | महिला स्वास्थ्य स्वयम सेविका प्रोत्साहन खर्च रकम | महिला स्वास्थ्य स्यम सेबिका | | ६४८ |
| २१ | खोप केन्द्र मा टेवल बेन्च निर्माण | बारेकोट गाउँपालिका | | २० |
| २२ | बिकट स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मि प्रोत्साहन कार्यक्रम | बारेकोट गाउँपालिका | | ३० |
| २३ | महिला स्वास्थ्य स्वयम सेविकाको लागी मेडिको मोबाइल कार्यक्रम | बारेकोट गाँउपालिका | | २५० |
| २४ | महिला स्वास्थ्य स्वयम सेबिकाको मासिक बैठक तथा स्वास्थ्य संस्थामा खाजा | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | १०० |
| २५ | कार्यालय सहयोगी क्षमता अभिबृद्रि तालिम खर्च | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | ६० |
| २६ | सम्पुर्ण स्वास्थ्य संस्था व्यबस्थापन खर्च | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | २०० |
| २७ | स्वास्थ्य आमा समुह परिचालन तथा सशक्तिकरण कार्यक्रम | बारेकोट गाँउपालिका | | २७८. |
| २८ | ल्यावटप खरिद | स्वास्थ्य शाखा बारेकोट | | १३० |
| २९ | अनुगमम खर्च | गाँउपालिका अन्तरगत रहेका वडा तथा स्वास्थ्य संस्था | | ५० |
| | स्वास्थ्य शाखाको जम्मा | | | २२००० |

**ख) खानेपानी तथा सरसफाई**

| | | | | |
|---|---|---|---|---|
| १ | खानेपानी तर्फ समपुरक | | | |
| | जम्मा (समपुरक) | | | १,७०० |

**ग) शिक्षा भाषा कला तथा साहित्य**

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

| | | | | |
|---|---|---|---|---|
| १ | शिक्षण सिकाइ अनुदान (बालविकास) | | | ४३२० |
| २ | शिक्षण सिकाइ अनुदान (आधारभुत १-५) | | | ६४८० |
| ३ | शिक्षण सिकाइ अनुदान (आधारभुत ६-८) | | | ६८६४ |
| ४ | शिक्षण सिकाइ अनुदान (माध्यामिक) | | | ४२२४ |
| ५ | विद्यालय कर्मचारी र बालविकास सहजकर्ताहरुका लागि स्थानिय तहबाट थप गर्नुपर्ने तलब | | | ७९१७ |
| ६ | कार्यालय सहयोगी अनुदान (बालविकास केन्द्र) | | | ९६० |
| ७ | सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुका लागि थप तभ | | | ९६ |
| ८ | कम्प्युटर अपरेटर अनुदान | | | १७२८ |
| ९ | IEMIS तालीम तथा अभिमुखिकरण | | | ३०० |
| १० | गाउँ शिक्षा योजना निर्माण | | | ७०० |
| ११ | स्थानिय पाठ्यक्रम निर्माण | | | १००० |
| १२ | एकिकृत पाठ्यक्रम सम्बन्धि तालिम | | | ४५० |
| १३ | दिवा खाजा सम्बन्धि अभिमुखिकरण | | | २०० |
| १४ | बालविकास सहजकर्ताहरुका लागि तालिम | | | २०० |
| १५ | बालबालिकाहरुको उपलब्धि परिक्षण कार्यक्रम | | | २०० |
| १६ | अभिभावक शिक्षा कार्यक्रम | | | २०० |
| १७ | राष्ट्रपति रनिङ्ग सिल्ड संचालन, तथा व्यवस्थापन | | | १००० |
| १८ | विद्यालयमा स्काउटिङ कार्यक्रम | | | ५० |
| १९ | प्रधानाध्यापक तथा लेखा सहायकहरुलाई लेखासम्बन्धि तालीम | | | २०० |
| २० | विद्यालय स्तरीय साहित्य प्रवर्द्धन कार्यक्रम | | | १०० |
| २१ | कक्षा ८ परीक्षा संचालन तथा व्यवस्थापन | | | ६०० |
| २२ | बालबालिकाहरुको प्रतिभा पहिचान कार्यक्रम | | | ३०० |
| २३ | शैक्षिक क्यालेन्डर निर्माण | | | १०० |
| २४ | विभिन्न बैठक खर्च | | | १०० |
| २५ | अनुगमन तथा निरीक्षण | | | १५० |
| २६ | सूचना तथा संचार खर्च | | | ६१ |

गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३
वीर बहादुर
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| २७ | इन्धन तथा सवारी मर्मत, खर्च | | | ७० |
| २८ | प्राविधिक तथा व्यावसायिक माध्यामक विद्यालय व्यवस्थापन अनुदान | | | ३०० |
| २९ | विनोदलाल स्मृता सामुदायक बालविकास केन्द्र शौचालय तथा फिल्ड निर्माण | | | ३०० |
| ३० | महादेव प्रायमिक रुम्सील भवन मर्मत | | | ३०० |
| ३१ | बालकल्याण प्रावि मर्मत तथा रङ्गरोगन | | | २५० |
| ३२ | कृष्ण प्रावि छुतिपाल्ती फर्निचर | | | १५० |
| ३३ | अनु प्राविा कोल्यानी फर्निचर | | | १५० |
| ३४ | भगवती मावि जिरी भवन मर्मत | | | २०० |
| ३५ | जनविकास प्राविा स्याला फिल्ड निर्माण | | | ३०० |
| ३६ | जनप्रिय प्राविा स्यालामुल्साम घेराबार | | | २०० |
| ३७ | भगवती आवि बयाला घेराबार | | | २५० |
| ३८ | चन्द्रज्योती प्राथमिक विद्यालय करुका शौचालय | | | ३०० |
| ३९ | कालिका सामुदायिका बालविकास केन्द्र | | | १०० |
| ४० | नमुना बाल विकास कार्यक्रम | | | २००० |
| ४१ | क्याम्पस स्थापना | | | ५०० |
| ४२ | उत्कृष्ट विद्यार्थी तथा शिक्षक प्रोत्साहन | | | १०० |
| ४३ | ल्याप्टप खरिद | | | १३० |
| | **जम्मा** | | | ४४,१०० |

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | **घ) सामाजिक सुरक्षा तथा पञ्जिकरण** | | | |
| १ | अपाङ्गता परिचय पत्र वितणका लागि घुम्ती शिभर | | | २५० |
| २ | नारी दिवस | | | ५० |
| ३ | तिज विपेश कार्यक्रम | | | ५० |
| ४ | बालविवाह न्यूनिकरण तथा छुवाछुत सम्बन्धी सडक नाटक तथा जनचेतना मुलक कार्यक्रम वडा नं १ देखि ९ सम्म | | | १५० |
| ५ | पालिका स्तरीय बाल क्लब संजाल गठन | | | ५० |
| ६ | वडा नं १ देखि ९ सम्मका सम्पुर्ण मा.बि र आ.विहरुमा बालक्लब गठन तथा अभिमुखिकरण गोष्ठी संचालन | | | १०० |
| ७ | महिलाहरुको लागि नेतृत्व क्षमता विकास गराउनको लागि ५ दिने उद्घघोषण तालिम | | | १०० |
| ८ | महिला लक्षित कार्यक्रम | | | ५०० |
| ९ | बालमैत्री स्थानीय शासन तह घोषणको लागि विभिन्न निती कार्यविधि निर्माण | | | २०० |
| १० | एकल पुरुषहरुको लागि विदुर भत्ता | | | ५०० |
| | जम्मा | | | १९५० |
| | **ङ)खेलकुद तथा नवप्रवतर्न यूवा** | | | |
| १ | पालिका स्तरीय रंगशाला निर्माण र खेलकुद | | | ० |
| २ | सीता मा.बि. कार्कीज्यूला खेल मैदान निर्माण | | | ५०० |
| ३ | जिल्ला खेलकुद विकास समिति जाजरकोट | | | २०० |
| ४ | जगत आधारभुत विद्यालय फिल्ड निर्माण बारेकोट ४ | | | २०० |
| ५ | ब्याड मिन्टन कोर्ड निर्माण | | | २०० |
| | **जम्म** | | | ११०० |
| | **च)सामाजिक सुरक्षा तथा संरक्षण** | | | |
| १ | सामाजिक सुरक्षा तथा संरक्षण ६० देखि ६८ बर्षका जेष्ठ नागरिकलाई औषधी उपचार | | | १८०० |
| | जम्म | | | १८०० |
| | सामाजिक विकास समितिको जम्मा | | | ७२,६५० |

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७४
वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय लिम्सा जाजरकोट

## भौतिक पूर्वाधार समिति

आ.व. २०८०।८१

### क) सहरी तथा भवन तर्फ

| सि.न | कार्यक्रम योजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजित रकम रु हजारमा | कैफयत |
|---|---|---|---|---|---|
| १ | वडा नं ८ को वडा कार्यालय भवन हल निर्माण | | | १२०० | |
| २ | कालिका आ वि सिनचौर शौचालय निर्माण वडा नं ५ | | | २०० | |
| ३ | भगवती आ वि लेखम | | | १५० | |
| ४ | दिपेन्द्र मा वि फर्निचर निर्माण मुल्साम | | | १०० | |
| ५ | देउती बज्यै प्रा वि तल्लो ताँसी फर्निचर | | | १५० | |
| | जम्म | | | १८०० | |
| | **ख) सडक** | | | | |
| १ | सडक समपुरक | | | ८१०० | |
| २ | मुल्साम सडक निर्माण | | | ४००० | |
| ३ | लिम्सा सेरी सडक निर्माण वडा नं २ | | | १५०० | |
| ४ | तल्लो कासी देखि विद्यालय हुदै माथि कासी सुवाखोला सडक निर्माण | | | १००० | |
| ५ | भगवती मा वि एकिकृत बस्ती सडक वडा नं ४ | | | २५० | |
| ६ | जुम्क सडक निर्मण वडा नं ४ | | | २५० | |
| ७ | देवल भेटनरी सडक | | | ० | |
| | जम्म | | | १५१०० | |
| | **ग) उर्जा तर्फ** | | | | |
| | **जम्मा उर्जा** | | | २०० | |
| | **पूर्वाधार विकास समितिको जम्मा** | | | १७,१०० | |

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय लिम्सा जाजरकोट

आ.व. २०८०।०८१

## शुसासन तथा संस्थागत विकास

| सि.न | कार्यक्रम योजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजित रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | पारत ऐन नियमावनली राज पत्रमा प्रकाशन पालिकाले हालस्ममा पारित गरेका ऐन नियमावलीहरुको ऐन संग्र निर्माण | | | १०० |
| २ | नागरिक वडा पत्र सबै वडाहरु र पालिकामा | | | १०० |
| ३ | सूचना पाटी उजुरी पेटिका नेम प्लेट साइन बोर्ड आदी | | | ५० |
| ४ | पालिका तथा वडामा सार्वजनिक सुनुवाई कार्यक्रम | | | ५० |
| ५ | न्यायिक समिति न्यायलय व्यवस्थापन | | | १,००० |
| ६ | शुसान तथा कानूनी प्रक्रिय सम्बन्धी जन प्रतिनिधिहरुलाई तालिम | | | २०० |
| ७ | लागु औषाध नियन्त्रण सम्बन्धि जनचेतना कार्यक्रम | | | २०० |
| ८ | विपन्न तथा आकस्मिक स्वास्थ्य सेवा उपचार कोष | **पालिका भरी** | | १,००० |
| ९ | LISP साझेदारी | | | ६,००० |
| १० | बहुक्षेत्रिय पोषन | | | १,००० |
| ११ | UNDP साझेदारी | | | ८८८ |
| १२ | समपुरक | | | ( |
| | **शुशासन को जम्मा** | | | १०,५८८ |

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय लिम्सा जाजरकोट

आ.व. २०८०।८१

## क) वन तथा वातावरण समिति तर्फ

| सि.न | कार्यक्रम योजनाको नाम | कार्यन्वयन हुने स्थान | लक्ष्य | विनियोजित रकम रु हजारमा |
|---|---|---|---|---|
| १ | वडा नं १ नर्सरी स्थापना तथा बृक्षारोपन कार्यक्रम | | | २२५ |
| २ | वडा नं ४ नर्सरी स्थापना तथा बृक्षारोपन कार्यक्रम | | | २२५ |
| ३ | वडा नं १ देखि ९ फोहोरमैला व्यवस्थापन खाडल निर्माण | | | ४५० |
| ४ | पालिका स्तरमा फोहोरमैला व्यवस्थापन खाडल निर्माण | | | १०० |
| ५ | विपद जोखिम व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकुलन NCCSP समपुरक | | | २,२०० |
| | वन वातावरणको जम्मा | | | ३,२०० |

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा,जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७२

वीर बहादुर गिरी अध्यक्ष

वीर बहादुर गिरी
अध्यक्ष

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

# वारेकोट गाउपालिका

लिम्सा जाजरकोट

कर्णाली प्रदेश (अनुसूची ५)

## आ.व. २०८०।०८१ को प्रस्तावति वजेट ( प्रशासनिक चालु खर्च तर्फ )

| वजेट शिर्षक | विवरण | ०७९।०८०को यथार्थ वजेट ( रु हजारमा) | ०७८।०७९को जेठ मसन्तको खर्च ( रु हजारमा) | ०८०।०८१को प्रस्तावित ( रु हजारमा) | श्रोत |
|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कमचारी | १६००० | १३१७७ | १६००० | राजश्व बांडफांट संघ |
| २१११२ | पारिश्रमिक पदाअधिकारी | ० | ० | ० | राजश्व बांडफांट संघ |
| २११२१ | पोशाक | ५०० | २६० | ५०० | राजश्व बांडफांट संघ |
| २११३१ | स्थानीय भत्ता | २५०० | १६६६ | २५०० | राजश्व बांडफांट संघ |
| २११३२ | महंगी भत्ता | ८०० | ४७९ | ८०० | राजश्व बांडफांट संघ |
| २११३४ | वैठक भत्ता कर्मचारी | ७०० | ० | ७०० | राजश्व बांडफांट संघ |
| २११४१ | पदाधिकारी वैठक भत्ता | १२०० | ५२४ | १२०० | राजश्व बांडफांट संघ |
| २११४२ | पदाअधिकारी अन्य सुबिधा | १०००० | ६५३५ | १०००० | राजश्व बांडफांट संघ |
| २१२१४ | कर्मचारी कल्याण कोष | १५०० | ० | १५०० | राजश्व बांडफांट संघ |
| २१२२३ | पदाधिकारी वीमा | ३०० | ० | ३०० | राजश्व बांडफांट संघ |
| २२१११ | पानी तथा वीजुली | १०० | ७८ | १०० | राजश्व बांडफांट संघ |
| २२११२ | संचार महशुल | २२०० | १२६१ | २२०० | राजश्व बांडफांट संघ |
| २२२१२ | इनधन कार्यालय प्रयाजन | १८०० | ११९३ | १८०० | राजश्व बांडफांट संघ |
| २२२१४ | बीमा नविकरण खर्च | २०० | ९८ | २०० | राजश्व बांडफांट संघ |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सचालन | १२०० | ११९९ | १२०० | राजश्व बांडफांट संघ |
| २२१३१ | निर्मित सार्वननिक सम्पतको मर्मतसभार | ५०० | २१६ | ५०० | राजश्व बांडफांट संघ |
| २२३११ | मसलन्द तथा कार्यालय संचालन खर्च | ५००० | २७१७ | ५००० | राजश्व बांडफांट संघ |
| २२४१३ | करार सेवाशुल्क | ११००० | १०९८२ | १२००० | राजश्व बांडफांट संघ |
| २२३१४ | इनधन अन्य प्रयाजन | ७०० | ९४ | ७०० | राजश्व बांडफांट संघ |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | २५०० | ७९७ | २५०० | राजश्व बांडफांट संघ |
| २२६११ | अनुगमन मुल्याकन खर्च | ३०० | ० | ३०० | राजश्व बांडफांट संघ |
| २२६१२ | कार्यक्रम भ्रमण खर्च | २५०० | १५१३ | २५०० | राजश्व बांडफांट संघ |
| २२७११ | बिबिध खर्च | २५०० | ११२२ | २५०० | राजश्व बांडफांट संघ |
| २२७२१ | सभा संचालन खर्च | ७०० | ६३ | ७०० | राजश्व बांडफांट संघ |
| २८१४२ | घरभाडा | ४०० | ४१० | ४०० | राजश्व बांडफांट संघ |
| २८१४३ | सवारी साधन तथा मेसिनरी औजार भाडा | १००० | ४७२ | १००० | राजश्व बांडफांट संघ |
| २२५१२ | तालीम कार्यकम | १५०० | ० | १२३० | राजश्व बांडफांट संघ |
| २२५२२ | कार्यक्रम खर्च | १००० | ० | १००० | राजश्व बांडफांट संघ |

बारेकोट गाउँपालिका
गाउँपालिकाको कार्यालय
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

वीर बहादुर गिरी
अध्यक्ष

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | जम्मा चालु तर्फ | ६८६०० | ४४८५६ | ६९३३० | | |
| १ | मेशनरी औजार खरिद | | | १००० | राजश्व वांडफांट संघ | |
| २ | फनिचर खरिद | | | १००० | राजश्व वांडफांट संघ | |
| ३ | पन्जीकरण शाखाका कर्मचारीको तलव | | | ६७० | | |
| | जम्मा | | | २६७० | | |
| | सवै जम्मा | | | ७२००० | | |
| | **वडा कार्यालय तर्फ** | | | | | |
| २२११२ | संचार महशुल | ४०० | | ४०० | राजश्व वांडफांट संघ | |
| २२३११ | मसलन्द तथा कार्यालय संचालन खर्च | ९०० | | ९०० | राजश्व वांडफांट संघ | |
| २२६११ | अनुगमन मुल्याकन खर्च | ० | | ० | राजश्व वांडफांट संघ | |
| २२६१२ | कार्यक्रम भ्रमण खर्च | ५४० | | ५४० | राजश्व वांडफांट संघ | |
| २२७११ | बिबिध खर्च | ५४० | | ५४० | राजश्व वांडफांट संघ | |
| २२३१४ | इनधन | ० | ० | ४५० | राजश्व वांडफांट संघ | |
| २८१४२ | मर्मत सभार | | | ४५० | राजश्व वांडफांट संघ | |
| | जम्मा | २३८० | ० | ३२८० | | |
| | | | | | | |

| बजेट शिर्षक | विवरण | ०७९।०८०को यथार्थ वजेट ( रु हजारमा) | ०७८।०७९को जेठ मसन्तको खर्च ( रु हजारमा) | ०८०।०८१को प्रस्तावित ( रु हजारमा) | श्रोत | |
|---|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कमचारी | | | १२१० | आन्तरीक श्रोत | |
| २११२१ | पोशाक | | | ३० | आन्तरीक श्रोत | |
| २११३१ | स्थानीय भत्ता | | | ० | आन्तरीक श्रोत | |
| २२२१२ | इनधन कार्यालय प्रयाजन | | | ५०० | आन्तरीक श्रोत | |
| २२२२१ | मेसिनरी तथा औंजार | | | ४६० | आन्तरीक श्रोत | |
| | जम्मा | | | २२०० | | |
| | | | | | | |

गौरेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लिम्सा, जाजरकोट कर्णाली प्रदेश, नेपाल २०७३

वीर बहादुर गिरी
अध्यक्ष